

# कृषि तथा वन स्रोतको संरक्षण र दिगो उपयोगका लागि रणनीतिक योजना

**जिरी नगरपालिका**

जेष्ठ २०७८

# कृषि तथा वनस्रोतको व्यवस्थापन र दिगो उपयोगका लागि रणनीतिक योजना

**तयार गर्ने:**

एन्साब नेपालको प्राविधिक सहयोगमा जिरी नगरपालिका

जेष्ठ २०७८



मा. पार्वत गुरुङ
सदस्य
प्रतिनिधि सभा, नेपाल

Hon. Parbat Gurung
Member
House of Representatives, Nepal

जिरी नगरपालिकाले स्थानिय स्तरमा कृषि तथा वनश्रोतको व्यवस्थापन र दीगो उपयोगका माध्यमबाट स्थानिय जनसमुदायको जीविकोपार्जनमा टेवा पुर्याउदै यस क्षेत्रको समग्र आर्थिक विकासका लागि यो रणनीतिक योजना तयार पारेकोमा खुशी लागेको छ ।

विशिस्ट हिमाली पारिस्थिकिय प्रणाली समेटेको जिरी नगरपालिका प्राकृतिक सुन्दरता, जैविक विविधता तथा वन क्षेत्र र कृषि योग्य जमिनका हिसाबले सम्पन्न ठाउँ हो । यस क्षेत्रमा विगतमा वन तथा कृषिका नमूना कार्यक्रमहरू जस्तै समुदायमा आधारित वनको दीगो व्यवस्थापन, वनमा आधारित आर्थिक क्रियाकलापहरूको सृजना तथा थालनी, कृषि प्राविधिक विद्यालयको स्थापना तथा नमूना दुग्धजन्य डेरी उद्योगको संचालन भएका छन् । विगतका यस्ता सफल र अनुकरणीय उदाहरणहरू तथा यी क्षेत्रमा रहेका सम्भाव्यतालाई आधार बनाएर तथा जिरी क्षेत्रको भौगोलिक विशिस्टतालाइ ध्यानमा राख्दै यो रणनीतिक योजना तयार भएको पाएको छु । साथै जिरी क्षेत्रको महत्वपुर्ण प्राकृतिक श्रोत मुलतः कृषि तथा वन क्षेत्रको दीगो उपयोगलाई ग्रामिण समुदायको जिविकोपार्जन तथा आर्थिक अवसरहरूसंग जोड्दै यस योजना जिरी नगरपालिकाको समष्ट विकास लक्ष्य प्राप्त गर्नाका लागि महत्वपुर्ण आधार रहनेछ भन्ने विश्वास लिएको छु ।

यो रणनीतिक योजना तयार पार्ने क्रममा विभिन्न चरणमा आवद्ध हुन पाउँदा मलाई खुशी लागेको छ । यस क्रममा यो रणनीतिक योजनाले विशेषतः १) जिरी नगरपालिकाको 'क्लिन जिरी, ग्रीन जिरी, अर्गानिक जिरी' को लक्ष्य अनुसार यस ठाउँलाई 'अर्गानिक हिमाली क्षेत्र' को रूपमा स्थापना, २) स्थानीय स्तरमा उद्यमशीलता तथा दीगो प्राकृतिक श्रोत व्यवस्थापनको प्रोत्साहन सहितको दीगो सामुदायिक विकास, तथा ३) देशका अन्य ठाउँमा पनि अनुकरणीय तथा अनुशरणीय स्थानीय दिगो आर्थिक विकासको नमूना प्रदर्शन लगायतका अत्यन्तै समय सान्दर्भिक कुराहरूलाई समेटेको पाएको छु । साथै यस योजनाले यस योजनाले जिरी नगरपालिकाले पछिल्लो केहि बर्ष पहिले विकास गरेको तथा अवलम्बन गरिरहेको सार्वजनिक, निजि तथा समुदायको साझेदारीको अवधारणा अनुरूप नगरभित्रका सबै सरोकारवालाहरूको भावना समेटेर कार्यक्रम तथा क्रियाकलाप प्रस्तुत गरेको पाएको छु ।

वन तथा कृषि क्षेत्रको समग्र विकास लक्ष्य प्राप्त गर्नाका लागि यो योजनाले प्रस्तुत गरेको कार्यक्रम तथा क्रियाकलापहरूले गर्दा नगरपालिका स्तरमा यो एउटा महत्वपुर्ण दस्तावेजको रूपमा रहनेछ भन्ने विश्वास गरेको छु । साथै यस्ता कार्यक्रमहरू कार्यान्वयनका लागि अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन रूपमा पनि प्रस्ट्याइएका कारणले यस रणनीतिक योजनाले नगरिपालिकाको वार्षिक योजना तथा कार्यक्रमलाई सहयोग पुर्याउनेछ भन्ने आशा गरेको छु ।

पार्वत गुरूङ्
माननीय सांसद
दोलखा

**Phone No.:** 01-4780474, 4386690, 4784428 (Office) 01-4365927 (Res) **Mobile No.:** 9851055084
**Email:** parbatgurung4@gmail.com

# जिरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जिरी, दोलखा

बागमती, प्रदेश नेपाल

पत्र संख्याः २०७८/०७९
चलानी नं.

मितिः

जिरी नगरपालिकाले कृषि तथा वनश्रोतको व्यवस्थापन र दिगो उपयोगका माध्यमबाट यस क्षेत्रको समग्र आर्थिक विकासमा महत्वपुर्ण सहयोग पुर्याउनका लागि यो रणनीतिक योजना तयार पारेको छ । यस योजनाले नगरपालिकामा कृषि र वन क्षेत्रको अवसर र चुनौतीहरूको विश्लेषण गरेर हाल भईरहेका र सम्भावित प्रयास, सहयोग र सेवाहरूको पहिचान गरी नगरपालिकामा कृषि तथा खेतीपाती र वन स्रोतको संरक्षण र दिगो उपयोगको लागि आवश्यक पर्ने योजनाहरू प्रस्तुत गरेको छ । विशेषतः विगतमा यस क्षेत्रमा अवलम्बन गरिएका कृषि र वन श्रोतको संरक्षण र दिगो उपयोगका अभ्यास, लामो राजनैतिक संक्रमणकालिन स्थितिपछिको वर्तमान संरचनात्मक प्रणाली, तथा जिरी नगरपालिकाले परिकल्पना गरेको 'क्लिन जिरी, ग्रीन जिरी, अर्गानिक जिरी' को समग्र परिदृश्यमा आधारित रहेर यस योजनामा नगरपालिकास्तरमा विभिन्न गतिविधिहरु तय गरिएका छन् ।

भरखर स्थापना भई कार्यान्वयनमा आएको स्थानीय सरकारमा रहेको सीमित विशेषज्ञताको वर्तमान चुनौतीलाई सम्बोधन गर्नाका लागि जिरी नगरपालिकाले सार्वजनिक-निजी-समुदायिक एलायन्स (पीपीसीए - PPCA)को अवलंबन गर्दै बिभिन्न पक्ष र सरोकारवालाहरू (सरकार, निजी क्षेत्र, स्थानीय समुदाय, गैरसरकारी संस्था र विकास साझेदारहरु)को सक्रिय सहभागितामा साझा विकास लक्ष्य प्राप्त गर्नका लागि कार्यक्रम तथा योजनाको विकास र कार्यान्वयन गर्दै आइरहेको छ । र यही भावमा नगरपालिकाभित्र रहेका सबै सरोकारवालाहरूको सहभागितामा यो रणनीतिक योजना तयार गरिएको हो । यस योजनाको तयारी क्रममा नगरपालिकास्तरमा दुइवटा योजना बैठक भएका थिए जसमा दोलखा जिल्लालाई प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभाका सदस्यहरु, जिरी र आसपासका नगरपालिकाका सदस्यहरु, जिरी तथा स्थानीयस्तरमा कार्यरत सरकारी अधिकारीहरु, जिरी उद्योग वाणिज्य संघका पदाधिकारी, कृषक समूह, सहकारी र सामुदायिक वन उपभोक्ता महासंघ, जिरी प्राविधिक शिक्षालय तथा विकास कार्यक्रमका प्रतिनिधिहरु, स्थानीय र राष्ट्रिय स्तरका उद्यमीहरु तथा निजि क्षेत्रका सेवा प्रदायकहरूको सहभागिता रहेको थियो । साथै नगरका हरेक वडाहरूमा समुदायहरूसँग प्रत्यक्ष सम्पर्क गरि नगरपालिकामा कृषि तथा वन क्षेत्रको दिगो विकासका लागि चरण चरणमा छलफल गरीएको थियो ।

जिरी नगरपालिकाले यो योजना एन्साब (दिगो कृषि तथा जैविक श्रोतका लागि एशियाली नेटवर्क) को प्राबिधिक सहयोगमा तयार पारेको हो । यो तयार पार्ने क्रममा एन्साबका कार्यकारी निर्देशक डा. भीष्म प्रसाद सुवेदीको निर्देशन तथा सल्लाह, कार्यक्रम निर्देशक पुष्पलाल घिमिरे र अनुसन्धान, योजना तथा संचार ब्यबस्थापक सुदर्शनचन्द्र खनालको लेखन तथा सम्पादन, र कार्यक्रम अधिकृत चण्डिका अमगाईको स्थानीय स्तरमा संयोजन रहेको थियो । साथै विभिन्न ठाउँ र समयमा आफ्नो अमूल्य सहयोग, सद्भाव, विचार र सल्लाह प्रदान गर्नुहुने महानुभावहरू विशेशतः दोलखा जिल्लालाई प्रतिनिधित्व गर्ने संघीय सांसदहरू माननीय पार्वत गुरूङ, माननीय शान्ती पाख्रिन, प्रदेश सांसदहरू माननीय स्व. पशुपति चौलागाईं, माननीय विशाल खड्का, जिल्ला समन्वय समितिका सभापति श्री डबल पाण्डे, यस नगरपालिकाकी उपप्रमुख कृष्णमाया बुढाथोकी, मुख्य प्रशासकीय अधिकृत जगदिश चन्द्र सिवाकोटी, जिरी नगरपालिकाका कृषि प्राविधिक तथा सम्बन्धित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जिरी नगरपालिकामा आगामी दिनमा यसै रणनीतिक योजनालाई आधार बनाएर कृषि तथा वन क्षेत्रको नीति तथा कार्यक्रमको विकास गर्दै क्रमशः लागु गर्दै जाने प्रयास गरिने छ । धेरै मिहिनेत गरी तयार भएको यस रणनीतिक योजनालाई साकार पार्नका लागि संघीय सरकार र प्रदेश सरकारको साथै नगरभित्रका सम्पूर्ण सम्बन्धित पक्षहरूसंग समयोचित समन्वय र सहकार्य गर्दै कार्यन्वयन गर्ने हाम्रो प्रयास रहनेछ ।

टंक बहादुर जिरेल
नगर प्रमुख

जिरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

पत्र संख्याः २०७७/०७८
चलानी नं.

बागमती, प्रदेश नेपाल
मितिः २०७७।१२।२४


# दुई शब्द

जिरी नगरपालिकाको क्लिन जिरी, ग्रीन जिरी, अर्गानीक जिरीको अभियानलाई सफल पार्नको लागि एन्साव नेपालको प्राविधिक सहयोगमा कृषि तथा वन श्रोतको समुचित ब्यवस्थापन तथा दिगो उपयोगका लागि रणनीतिक योजना तयार गरेको छ। यस योजनाले नगर क्षेत्र भित्र कृषि तथा वन क्षेत्रमा भएका सम्भावना र अवसरहरुलाई प्राप्त गर्नका लागि स्पष्ट मार्ग निर्देशन गरेको छ। नगरका हरेक वडाहरुमा समुदायहरुसँग प्रत्येक्ष सम्पर्क गरि नगरपालिकामा चरणबद्ध रुपमा छलफल गरी तयार गरिएको हुँदा यो रणनीतिक योजनाले कृषि तथा वन क्षेत्रको दिगो विकासका विविध विषयहरुलाई समेटेको छ। नगरले आगामी दिनमा कृषि तथा वन क्षेत्रमा यसै रणनीतिक योजनालाई आधार बनाएर कार्यक्रमहरु क्रमश लागु गर्दै जाने प्रयास गरिनेछ।

एन्साव नेपालले हाम्रो नगरपालिकाले लिएको Clean Jiri, Green Jiri, Organic Jiri को मिसनलाई सहयोग पुऱ्याउने गरी अथक मिहिनेत साथ तयार गरेको यस रणनीतिक योजनाले सबै सरोकारवाला पक्षहरुसँग समन्वय र सहकार्य गर्दै जानेछ भन्ने अपेक्षा गरिएको छ। यस रणनीतिक योजना तयार पर्न अहोरात्र खट्नु हुने एन्साव नेपालका श्री चण्डीका आमागाई लगायत नगरका जन निर्वाचित जनप्रतिनिधिज्यूहरु तथा सम्बन्धित सबैमा हार्दिक धन्यवाद अर्पन गर्दछु।

कृष्णमाया बुढाथोकी
नगर उप-प्रमुख


*Clean Jiri, Green Jiri, Organic Jiri*
Phone No: 049-414002/3 E-mail : jirimunicipalityjiri@gmail.com web: www.jirimun.gov.np

# जिरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

बागमती, प्रदेश नेपाल

पत्र संख्याः २०७८/०७९
चलानी नं.

मितिः


जिरी नगरपालिकाले यस क्षेत्रको समग्र आर्थिक विकासमा महत्वपुर्ण सहयोग पुर्याउनका लागि कृषि तथा वनश्रोतको व्यवस्थापन र दिगो उपयोगका लागि यो रणनीतिक योजना तयार पारेको हो ।

जिरी नगरपालिका कृषि तथा वनश्रोतको समुचित र दिगो उपयोगमार्फत स्थानीय स्तरमा जीविकोपार्जन तथा आर्थिक विकास गर्नाका लागि राम्रो अवसर भएको ठाउँ हो । र यी क्षेत्रमा यस नगरपालिका भित्र विगतमा केही उदाहरणीय तथा अनुकरणीय काम भएका छन् । यस्ता अनुभवहरूमा आधारित रहँदै र नगरपालिकाको आफ्नो 'क्लिन जिरी, ग्रीन जिरी, अर्गानिक जिरी' परिकल्पनाको भावना अनुसार यो रणनीतिक योजना तयार भएको हुँदा यो जिरी क्षेत्रको विकास गर्नाका लागि सहयोगी हुनेछ भन्ने विश्वास गरेको छु । यस योजनाको विकासका क्रममा आफु संलग्न हुन पाउँदा खुशी लागेको छ र यसै अन्तर्गत रहेर नगरपालिकाका कृषि तथा वनमा आधारित कार्यक्रमहरू विकास गर्दै कार्वान्वयन गर्दा नगरपालिकाको समग्र विकास लक्ष्य प्रति पनि महत्वपुर्ण योगदान पुर्याउनेछ भन्नेमा विश्वस्त छु । स्थानीय स्तरमा सम्भवतः पहिलो यस्तो योजनाले नमुनाको रूपमा देशका अन्य स्थानीय निकायमाझ पनि महत्वपुर्ण सिकाइ तथा अनुभव प्रदान गर्नेछ भन्ने पनि आशा राखेको छु ।

यो रणनीतिक योजना तयार पार्ने क्रममा प्राबिधिक सहयोग प्रदान गर्ने एन्साब, तथा यस योजनाको विकासका क्रममा महत्वपुर्ण सल्लाह र सहयोग प्रदान गर्नुहुने जन निर्वाचित जनप्रतिनिधिज्युहरू तथा सम्बन्धित सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

जगदिश चन्द्र सिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत

ANSAB
Rich Biodiversity and Prosperous Communities

**ANSAB Nepal**

P.O. Box: 11035
Bhimsengola, New Baneshwor
Kathmandu, Nepal
Tel. 977-1-449 7547, 447 8412
Fax. 977-1-447 6586
Email: ansab@ansab.org.np
Web: www.ansab.org.np
Reg. No. 465-062/063

*Ref:*

एन्साबले जिरी नगरपालिका सहित समग्र दोलखा जिल्लामा विगत दुई दशकभन्दा बढी समय देखि समुदायमा आधारित, उद्यममुखी, सरंक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र सदुपयोग गर्नका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । विगतमा कार्यान्वयन गरिएका यस्ता कार्यक्रमहरूको फलस्वरूप ग्रामिण समुदाय माझ उद्यम तथा आर्थिक क्रियाकलापहरू सुरू हुनुका साथै वन तथा कृषि क्षेत्रमा केही नयाँ, विशेष र दीर्घकालसम्म प्रभाव पार्ने सिकाई तथा अनुभवहरू प्राप्त भएका छन् । समयको विकासक्रमसँगै कृषि तथा वनको क्षेत्रमा देखा परेका अवसर तथा चुनौतिहरू पहिल्याउँदै यिनीहरूको बहुपक्षीय व्यवस्थापन र सदुपयोगबाट स्थानीय समुदायको जीविकोपार्जन तथा सामुदायिक विकासका कार्यमा टेवा पुऱ्याउन एन्साबले स्थानीय सरकार, सामुदायिक संस्था तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्दै आइरहेको छ ।

पछिल्लो समय एन्साबले जिरी नगरपालिकासँगको सहकार्यमा नगरपालिकाले परिकल्पना गरेको “क्लिन जिरी, ग्रीन जिरी, अर्गानिक जिरी” को लक्ष्यलाई सहयोग पुऱ्याउनका लागि सहयोगी भूमिका निर्वाह गर्दै आइरहेको छ । बदलिएको राजनीतिक प्रणाली अनुरूप यस क्षेत्रको समग्र विकास लक्ष्य प्राप्त गर्नका लागि नगरपालिकास्तरमा सार्वजनिक, निजी तथा सामुदायिक साझेदारीको साझा अवधारणाको विकास गरिएको छ । यसै क्रममा एन्साबसँगको सहकार्यमा नगरपालिकाले विभिन्न सरोकारवालाहरूको सहभागितामा कृषि तथा वन स्रोतको संरक्षण र दिगो उपयोगका लागि साझा दृष्टिकोण विकास गर्दै २०७५ साल मंसिर ११ गते जिरी घोषणापत्र जारी गरेको थियो । यसै घोषणापत्रको भावना अनुरूप कृषि र वन क्षेत्रको विस्तार तथा उद्यम विकास गर्दै स्थानीय स्तरमा जीविकोपार्जनमा सुधार ल्याउनका लागि जिरी नगरपालिकाले “कृषि तथा वनस्रोतको संरक्षण र दिगो उपयोगका लागि रणनीतिक योजना” तयार गरेको छ । यसका लागि सहजकर्ताको भूमिका निर्वाह गर्न पाएकोमा हामीलाई खुशी लागेको छ ।

कृषि र वन क्षेत्रको विद्यमान अवस्था, अवसर र चुनौतीहरूको विश्लेषण गर्दै यस रणनीतिक योजनाले नगरपालिकाको समग्र विकास लक्ष्य प्राप्तिका लागि मार्गचित्र प्रस्तुत गरेको छ । हामीलाई विश्वास छ, सामाजिक र वातावरणीय रूपमा जिम्मेवार हुँदै स्थानीयस्तरको आर्थिक विकासको दीर्घकालीन दृष्टिकोणका साथ प्रस्तुत गरिएको यो रणनीतिक योजना नगरपालिकाको लागि कृषि र वन सम्बन्धि वार्षिक विकास कार्यक्रम र बजेट तर्जुमा गर्न तथा त्यसको सफल कार्यन्वयनका लागि मार्गदर्शक हुनेछ । साथै यो रणनीतिक योजना नगरपालिका भित्र कृषि र वन सम्बन्धि काम गर्न चाहने संघीय र प्रादेशिक स्तरका सरकारी निकाय तथा विकास साझेदार संस्थाका लागि पनि कार्यक्रम विकास तथा संचालन गर्नका लागि मार्गदर्शक सन्दर्भ सामग्री बन्नेछ ।

यो रणनीतिक योजना तयार गर्ने क्रममा विभिन्न महानुभाव तथा संस्थाका प्रतिनिधिहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आफ्नो अमूल्य सहयोग, सद्भाव, विचार र सल्लाह प्रदान गर्नुभएको छ । विशेषतः जिरी घोषणापत्र

ANSAB
Rich Biodiversity and Prosperous Communities

ANSAB Nepal

P.O. Box: 11035
Bhimsengola, New Baneshwor
Kathmandu, Nepal
Tel. 977-1-449 7547, 447 8412
Fax. 977-1-447 6586
Email: ansab@ansab.org.np
Web: www.ansab.org.np
Reg. No. 465-062/063

*Ref:*

जारी हुने क्रममा दोलखा जिल्लालाई प्रतिनिधित्व गर्ने संघीय सांसदहरू मा. पार्वत गुरूङ, मा. शान्ती पाखिन, प्रदेश सांसदहरू मा. स्व. पशुपति चौलागाईं, मा. विशाल खड्का, तथा जिल्ला समन्वय समितिका सभापति श्री डबल पाण्डेज्यूको गौरवमय उपस्थिति हुनाका साथै महत्वपूर्ण सल्लाह र सुझाव प्राप्त भएको थियो । यो रणनीतिक योजना तयार पार्ने क्रममा जिरी नगरपालिकाका प्रमुख टंक जिरेलले खेल्नु भएको नेतृत्वदायी भूमिकाका साथै उपप्रमुख कृष्णमाया बुढाथोकी, नौ वटै वडाका वडाध्यक्ष्य तथा सदस्यहरू, र प्रमुख प्रशासकीय अधिकृत जगदिशचन्द्र सिवाकोटीले प्रदान गर्नु भएको महत्वपुर्ण सहयोगका लागि हामी आभारी छौँ । यो योजना तयार पार्ने क्रममा नगरपालिकास्तरमा भएका योजना बैठक तथा विभिन्न समयमा भएका अन्तरक्रियामा उपस्थित हुँदै आफ्नो सुझाव प्रदान गर्नु हुने नगरपालिकाका कृषि प्राविधिक तथा अन्य कर्मचारीहरू, जिरी आसपासका स्थानीय निकायका प्रमुखहरू, जिरी उद्योग वाणिज्य संघ, सहकारी, कृषक समूह, र सामुदायिक वन उपभोक्ता समूह तथा महासंघका प्रतिनिधिहरू, जिरी प्राविधिक शिक्षालयका प्रशिक्षकहरू, स्थानीय र राष्ट्रिय स्तरका उद्यमीहरु, निजी क्षेत्रका सेवा प्रदायकहरू तथा सम्बन्धित सबै प्रति कृतज्ञता व्यक्त गर्दछौँ ।

यस योजना तयार गर्नाका लागि अहोरात्र खटी महत्वपूर्ण भूमिका खेल्नु भएकोमा एन्साबका कार्यक्रम निर्देशक पुष्पलाल घिमिरे, अनुसन्धान, योजना तथा संचार व्यवस्थापक सुदर्शनचन्द्र खनाल, तथा कार्यक्रम अधिकृतहरू चण्डिका अमगाईं र आकृति पौडेलका साथै यो दस्तावेजलाई नेपाली भाषामा अनुवाद गर्न सहयोग गर्नुहुने दिलराज खनाल र यो दस्तावेज प्रकाशनका डिजाईन गर्नुहुने सुदर्शन प्र. सिंह लाई धन्यवाद प्रदान गर्दछौँ । यसैगरी जिरी नगरपालिकामा सार्वजनिक, निजी तथा सामुदायिक साझेदारी कार्यक्रम संचालनका लागि एन्साबलाई आर्थिक रूपमा सहयोग प्रदान गर्ने अभेदा कर्पोरेशन प्रति विशेषरूपमा कृतज्ञता प्रकट गर्दछौँ ।

यस रणनीतिक योजनामा सम्बन्धित सबैको साझा आकांक्षाहरू समेटिएका छन् । जिरी नगरपालिका सबैको सद्भाव, सहयोग र सहकार्य जुटाउँदै यसको सफल कार्यान्वयन गरी आफ्नो लक्षित उद्देश्य पूरा गर्न सफल हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौँ, हाम्रो यही शुभकामना छ ।

डा. भीष्म प्रसाद सुवेदी
कार्यकारी निर्देशक

# विषयसूची


| | | |
|---|---|---|
| १ | **अध्याय १: परिचय** | १ |
| २ | **अध्याय २: कृषि तथा वन क्षेत्रमा भएका विद्यमान पहल र वर्तमान अवस्था** | ७ |
| ३ | **अध्याय ३: रणनीतिक योजना** | १२ |
| | ३.१ सुशासनको अभ्यास र प्रणाली सुधार | १३ |
| | ३.२ कृषि तथा वन पैदावार उत्पादकहरूको क्षमता विकास | १९ |
| | ३.३ पोषण, स्वास्थ्य र शिक्षासँग कृषिको अन्तरसम्बन्ध | २५ |
| | ३.४ अनुसन्धान तथा प्रसार सेवा | ३१ |
| | ३.५ कृषि तथा वन उद्यमको विकास र बजारीकण | ३६ |
| ४ | **अध्याय ४: अनुसूचीहरु** | ४२ |
| | अनुसूची १: पीपीसीए सम्बन्धी जिरी घोषणापत्र | ४२ |
| | अनुसूची २: रणनीतिक योजना र तिनीहरूको प्रत्येक परिणाम अन्तर्गतका क्रियाकलापहरु र समयसीमाको सूची | ४४ |
| | अनुसूची ३: जिरीका प्रमुख व्यावसायिक कृषि उत्पादनहरूका लागि बजार श्रृंखलाहरु | ४८ |

# अध्याय–१
# परिचय

## पृष्ठभूमि

बाग्मती प्रदेशको दोलखा जिल्लामा रहेको जिरी नगरपालिका २०७१ सालमा नेपाल सरकारबाट साविकका माली, जिरी, ठूलो पातल र श्यामा गाउँ विकास समितिलाई मिलाई स्थापना गरिएको हो । यस नगरपालिकामा ९ वटा वडाहरू रहेका छन् र यो नगरपालिकाले समुद्र सतहबाट १,६४९ मीटरको उचाई देखि ५,३४१ मीटरको उचाईसम्म फैलिएर २११.२५ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ । यस नगरपालिकाको पूर्वमा उमाकुण्ड गाउँपालिका, पश्चिममा बैतेश्वर गाउँपालिका, उत्तरमा गौरीशंकर गाउँपालिका र दक्षिणमा तामाकोशी र गोकुलगंगा गाउँपालिका रहेका छन् । विगतमा सगरमाथा क्षेत्रमा प्रवेश गर्ने मुख्य प्रवेशद्धारको रूपमा रहेको जिरी काठमाण्डौंबाट १९० किलोमिटरको दुरीमा रहेको छ । आदिमकालदेखि नै लगभग सबै क्षेत्र घना वन क्षेत्रले ढाकिएको र खर्कको रूपमा ठूला चरन क्षेत्रहरू रहेको जिरीमा वन क्षेत्र एक अभिन्न अंगको रूपमा रहेको छ । हाल जिरीको कूल भूभागको ५८ प्रतिशत क्षेत्रफल वन क्षेत्र र ठूला घाँसे क्षेत्रहरूले ओगटेको छ, जसमध्ये अधिकांश वन क्षेत्र स्थानीय समुदायले व्यवस्थापन गर्दै आएका छन् । कृषि र पशुपालन स्थानीय वासिन्दाहरूको एक मुख्य पेशाको रूपमा रहेको छ । तथापि, यो पेशा निर्वाहमुखी रूपमा मात्र रहँदै आएको छ । जिरीमा वि.सं. २०१४ मा नमूना पशु विकास फार्मको स्थापना भएपछि दुग्धजन्य व्यवसायको व्यावसायिक विकास भएको छ । लिंकन बजारका नामले पनि चिनिने जिरी बजार यस नगरपालिको एक मुख्य बजारका रूपमा रहेको छ र यहाँ निकै गतिशिल रूपमा व्यापारिक क्रियाकलापहरू विकास भईरहेको छ ।

विगत दुई दशकमा दोलखा जिल्ला र विशेष गरी जिरीमा वन तथा कृषिमा आधारित गतिविधिहरूको अवलोकन गर्दा खासगरी समुदायमा आधारित उद्यममूलक कृषि र वन व्यवस्थापनमा स्थानीय समुदायहरूलाई फाइदा पुऱ्याउने किसिमका विशेष सिकाई र अनुभवहरु प्राप्त भएका छन् । दिगो वन व्यवस्थापनलाई ग्रामीण समुदायहरूको आर्थिक अवसरहरूसँग जोड्ने र उनीहरूको जीविका सुधार गर्ने कार्यहरू हुनुका साथै उद्यममा आधारित वन व्यवस्थापनमा अग्रगामी प्रयासहरूले उल्लेखनीय सफलता प्राप्त गरेका छन् । दिगो वन व्यवस्थापनको लागि स्थानीय समूहहरूको क्षमता अभिवृद्धिका लागि गरिएका प्रयासले वन पैदावारको दिगो उपयोग, प्रशोधन, मूल्य श्रृंखला विकास र बजारीकरणलाई बढावा दिएका छन् । यसका साथै स्थानीय समुदाय, सरकार र विकास साझेदारहरूको सहभागितापूर्ण भूमिका मार्फत स्थानीय समुदायहरूलाई बजार, सेवा प्रदायकहरु र राष्ट्रिय नीतिसँग जोड्ने कार्यहरू हुँदै आएका छन् ।

जिरी क्षेत्रमा वर्षौंदेखि प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र जीविकोपार्जन सुधारका लागि विभिन्न अभ्यास र नवीन उपायहरु अवलम्बन गरिएका छन् र यस्ता अभ्यासहरू देशका अन्य भू-भागहरूमा अनुशरण र विस्तारका लागि उदाहरण बनेका छन् । यस्ता कार्यहरू अन्तर्गत (१) दिगो वन व्यवस्थापन कार्यहरू जस्तै : दिगो वन व्यवस्थापनका मापदण्डहरूको अनुशरण गरी दिगो वन व्यवस्थापन गर्ने, वन तथा गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापनको प्रमाणीकरण गराउने, सामुदायिक वनका माध्यमबाट वन विनाश र वन क्षयीकरण रोकी कार्वन उत्सर्जन न्यूनीकरण गर्ने (रेडप्लस) र वन व्यवस्थापनका लागि आर्थिक उत्प्रेरणा प्रदान गर्ने; (२) स्थानीयस्तरमा आर्थिक विकासका कार्यहरू जस्तै : सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत विपन्न र सिमान्तकृत वर्गका घरधुरीहरूका उपसमूहहरू स्थापना गर्ने, कबुलियती वनको विकास गर्ने, वन तथा कृषि वनमा आधारित उद्यम विकास गर्ने र यसका साथै पर्यापर्यटन, जैविक विविधता, वन कार्वन सञ्चिति र खानेपानी जस्ता वातावरणीय सेवाको नमूना भुक्तानीको गर्ने जस्ता कार्यहरू भएका छन् । यस क्रममा सामाजिक तथा संस्थागत विकास र सुशासनका लागि स्थानीय समुदाय, नागरिक समाज, वन उपभोक्ता समूह र सामुदायिक वन उपभोक्ता महासंघ नेपालको समेत क्षमता विकास गर्ने अवसरहरू सृजना भएका छन् ।

यी कार्यहरू सँगसँगै यो क्षेत्रमा जिरी प्राविधिक शिक्षालयको स्थापना पश्चात् यो क्षेत्र कृषि तथा पशुपालनसम्बन्धी प्राविधिक शिक्षा र आवधिक तालिमहरू प्रदान गर्नका लागि एउटा मुख्य केन्द्र बन्दै आएको छ । यसका साथै पशु विकास फार्म र जिरी याक चिज उत्पादन केन्द्रको उपस्थितिका कारण जिरी पशुपालन र दुग्धजन्य उत्पादनका लागि पनि प्रख्यात रहेको छ ।

उद्यममुखी दिगो कृषि तथा वनमा आधारित स्रोत व्यवस्थापनको विगतका प्रयासहरूको आधारमा र वर्तमान परिप्रेक्ष्यलाई समेत ध्यानमा राख्दै जिरी नगरपालिकाले एन्साबको सहयोगमा यस क्षेत्रको आर्थिक विकासका लागि कृषि र वन स्रोतको संरक्षण र दिगो उपयोगमा काम गरिरहेको छ । नेपालको नयाँ संविधान जारी भएपछि र तीन तहका सरकारहरूको निर्वाचनसँगै लामो राजनीतिक संक्रमणकालिन स्थितिको समाधान भएको छ । र यसले स्थानीय सरकारलाई विकासका योजनाहरु बनाउन र विकास लक्ष्य हासिल गर्नका लागि यस क्षेत्रमा रहेका र काम गर्न चाहने विभिन्न संस्थाहरूलाई एकीकृत रूपमा परिचालित गरी अगाडि बढ्न बाटो खोलिदिएको छ । नयाँ संरचनात्मक परिवर्तनका साथ

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय स्तरमा कृषि र वन क्षेत्रको लागि कानून र नीति, योजना र कार्यक्रम निर्माणका लागि स्थानीय सरकारलाई अधिकार प्रदान पनि गरेको छ ।

जिरी नगरपालिकाले "क्लीन जिरी, ग्रीन जिरी, र अर्गानिक जिरी" को परिकल्पना गरेको छ । कृषि कार्यमा विषादी तथा रासायनिक मल लगायतको उच्च प्रयोगको हालको अवस्थाले वातावरणमा पर्ने नकरात्मक प्रभावको बारेमा किसान र समुदायको सचेतना बढ्दो छ । यसका साथै स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा जैविक (अर्गानिक) रूपमा उत्पादित् वस्तुहरूको माग बढ्दो छ । जिरी क्षेत्रको उच्च उर्वर भूमी तथा स्वच्छ र लोकप्रिय भौगोलिक विशिष्टताका कारण यस ठाउँ र यहाँ उत्पादित वस्तुप्रति आममानिसहरूको हेराई सकारात्मक रहेको छ । यसका बावजुद खासगरी युवाहरूले कृषि कार्यलाई अपनाएका छैनन् र युवा तथा आर्थिक रूपले सक्रिय ठूलो जनसंख्या कामका लागि काठमाडौं वा खाडी मुलुकमा बसाइँ सर्दै गएका छन् । यसैले अहिलेको आवश्यकता खेतीपातिमा संलग्न समुदाय र युवाहरूलाई कृषि कार्यमा आधारित आम्दानीका विकल्पहरु प्रदान गर्नुपर्ने रहेको छ । यसका साथै यस ठाउँको समग्र विकास लक्ष्य प्राप्त गर्नाका लागि सर्वसाधारण र विशेष रूपमा युवा वर्गलाई कृषि उत्पादन कार्यमा लाग्न, जमिन तथा कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउन र उत्पादित वस्तुको उपयोग तथा दिगो रूपमा बजारीकरण गर्नका लागि क्षमता बढाउनु पर्ने देखिन्छ ।

जिरी नगरपालिकाले सार्वजनिक-निजी-समुदायिक एलायन्स (पीपीसीए - PPCA) को अवधारणामा आधारित भई अर्गानिक रूपमा कृषि उत्पादन र बजारीकरणको अभ्यास कार्यान्वयनको पहल गर्दै आएको छ र यसबाट क्लीन जिरी, ग्रीन जिरी र अर्गानिक जिरीको लक्ष्यलाई प्रत्यक्ष रूपमा सहयोग मिलेको छ । यस एलायन्सले बिभिन्न पक्षहरू र सरोकारवालाहरू (सरकार, निजी क्षेत्र, स्थानीय समुदाय, गैरसरकारी संस्था र विकास साझेदारहरु) लाई साझा मञ्चमा ल्याएर नयाँ ज्ञान र विचार ल्याउन, साझा योजनाको विकास र कार्यान्वयन गर्न र साझेदारी सिर्जना गर्न मद्दत गर्नेछ । यसले भरखर स्थापना भई कार्यान्वयनमा आएको स्थानीय सरकारमा रहेको सीमित विशेषज्ञताको वर्तमान चुनौतीलाई सम्बोधन गर्न पनि मद्दत गर्दछ ।

गत दुई वर्षमा एन्साबको सहयोगमा नगरपालिकाले दुई वटा पीपीसीए (PPCA) योजना बैठकहरु आयोजना गऱ्यो, जसमा नगरपालिका, यस क्षेत्रमा रहेका सरकारी निकाय, निजी

क्षेत्र र स्थानीय समुदायका प्रतिनिधिहरूलाई यस एलायन्सको सदस्यका रूपमा ल्याएर वन तथा कृषि क्षेत्रको समग्र विकासको लक्ष्य, अपेक्षित नतिजा, रणनीति, परिणाम र कार्ययोजनाबारे छलफल गरेको थियो । यी बैठकहरूले पीपीसीएको अवधारणाका साथसाथै यसका लागि सम्भावित कार्य क्षेत्र, वन तथा कृषि उपज र गतिविधि परिभाषित गर्ने कार्यको प्रारम्भिक योजनाप्रति ऐक्यवद्धता जनाएका छन् । सन् २०१८ को नोभेम्बरमा आयोजना गरिएको पहिलो योजना बैठकमा दोलखा जिल्लालाई प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभाका सदस्यहरु, जिरी र आसपासका नगरपालिकाका सदस्यहरु, जिरी तथा स्थानीयस्तरमा कार्यरत सरकारी अधिकारीहरु, विकास कार्यक्रमका प्रतिनिधिहरु, स्थानीय र राष्ट्रिय स्तरका उद्यमीहरु र तीन वटा अन्तर्राष्ट्रिय कम्पनीहरूको सहभागिता रहेको थियो । पीपीसीएको उक्त बैठक "दिगो प्राकृतिक र जैविक उत्पादनमा आधारित उद्यम र स्थानीय आर्थिक विकासको लागि जिरी घोषणापत्र" जारी गर्दै सम्पन्न भएको थियो (घोषणापत्र अनुसूचीमा रहेको छ) । यसले जिरी नगरपालिकामा पीपीसीएको विकासका लागि साझा समझदारी र सहमति बनेको छ, जुन सरकार, निजी क्षेत्र, स्थानीय समुदाय र विकास साझेदारहरूको साझा मञ्चका रूपमा कृषि तथा खेतीपाती र वनलाई ध्यानमा राख्दै आवश्यक सेवाहरु पुऱ्याउनका लागि सञ्चालनमा आउने छ ।

सन् २०२० को फेब्रुअरीमा आयोजना गरिएको दोस्रो योजना तर्जुमा बैठकमा जिरी नगरपालिकाका मेयर र मुख्य प्रशासकीय अधिकृत, वडाअध्यक्षहरु, कृषि ज्ञान केन्द्र र जिरी नगरपालिकाका कृषि प्राविधिक, वन कार्यालयका प्रमुख र पशु विकास केन्द्र, कृषक समूह, सहकारी र सामुदायिक वन उपभोक्ता महासंघ, जिरी प्राविधिक शिक्षालय, जिरी उद्योग वाणिज्य संघ, स्थानीय उद्यम (एभरेस्ट गेट्वे) का प्रतिनिधि लगायत ३० जना भन्दा बढी व्यक्तिको सहभागिता थियो । यस बैठकमा सहभागीहरूले नगरपालिका स्तरमा वन तथा कृषि क्षेत्रका सम्भावित गतिविधि तथा कार्यक्रमका बारेमा छलफल गर्दै यी गतिविधिहरूमा आधारित कार्य योजना विकास गर्ने र नियमित रूपमा बैठक बसेर साझा अवधारणा बनाउने कुरामा सहमत भएका छन् । नगरपालिका स्तरमा पीपीसीए अब विभिन्न सरोकारवालाहरू बीच छलफलको एजेन्डा भएको छ र यसका गतिविधि र योजना कार्यान्वयनको लागि आधार सिर्जना भएको छ ।

पीपीसीए एलायन्सले विकास गरेको साझा दृष्टिकोण र दिगो प्राकृतिक स्रोतमा आधारित उद्यम र स्थानीय आर्थिक विकासको नमूना कार्यक्रमका लागि एलायन्सका सबै प्रमुख सदस्यहरूको आकांक्षा अनुरूप एन्साबको प्राविधिक सहयोगमा जिरी नगरपालिकाले यस

रणनीतिक योजनाको निर्माण गरेको छ । यस योजनाले नगरपालिकामा कृषि र वन क्षेत्रको अवसर र चुनौतीहरूको विश्लेषण गरेर हाल भईरहेका र सम्भावित प्रयास/कार्य, सहयोग र सेवाहरूको पहिचान गरी नगरपालिकामा कृषि तथा खेतीपाती र वन स्रोतको संरक्षण र दिगो उपयोगको लागि आवश्यक पर्ने योजनाहरू प्रस्तुत गरेको छ । पीपीसीएको जिरी घोषणापत्र अनुरूपको भावना र नगरपालिकाको स्वच्छ जिरी, ग्रीन जिरी र अर्गानिक जिरीको परिकल्पनामा आधारित भई यो योजना अन्तर्गत विभिन्न गतिविधिहरु तय गरिएका छन् । यस योजनाले नगरपालिकाको वार्षिक कार्यक्रम र आवधिक योजना विकास गर्न र बाह्य विकास सहयोगका लागि क्रियाकलापहरु पहिचान गर्न मद्दत गर्दछ ।

यस योजनाले उपलब्ध तथ्यांक र जानकारी तथा तिनीहरूको मूल्यांकनका आधारमा सम्भावित क्रियाकलापहरू प्रस्तुत गरेको छ र यस क्रममा एन्साबले जिरी सहित दोलखा जिल्लामा दुई दशक भन्दा बढि समयसम्म काम गर्दा हासिल गरेको अनुभव पनि उपयोग भएको छ । जानकारी तथा तथ्यांक संकलनका लागि (१) मुख्य सरोकारवालाहरू र विशेषज्ञहरूसँग परामर्श र साक्षात्कार, (२) लक्षित समूहसँग सामुहिक छलफल, (३) नगरपालिकामा विद्यमान पूर्वाधार, विकास कार्यक्रम र कृषि अभ्यासको सर्वेक्षण, (४) सहभागितामूलक स्रोत नक्सांकन, र (४) प्रतिवेदन तथा अभिलेखहरूको समीक्षा जस्ता विधिहरू अवलम्बन गरिएको छ । सूचना तथा जानकारीहरू संकलन गर्दा सम्बन्धित सबै सरोकारवालाहरु र नगरपालिकाका प्रमुख र विज्ञहरूसँग छलफल तथा परामर्श गरिएको थियो । सम्भावित कृषि र कृषि उत्पादनहरूको पहिचानका लागि सबै वडा तहमा छलफल आयोजना गरेर वडा स्तरको सहभागितामूलक नक्सांकन गरिएको थियो । बैठक तथा सहभागितामूलक स्रोत नक्सा तयारी प्रक्रियामा वडाका प्रतिनिधिहरु, शिक्षकहरु, अगुवा किसानहरु, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरु र अन्य प्रमुख सरोकारवालाहरूले भाग लिएका थिए । संकलित तथ्यांक र जानकारीको विश्लेषण नगरपालिका स्तरमा कृषि तथा खेतीपाती र वन क्षेत्रको अवसर र चुनौतीहरूको ख्याल गर्दै गरिएको थियो ।

## दूरदृष्टि र उद्देश्यहरू

सामाजिक र वातावरणीय रूपमा जिम्मेवार रही स्थानीय स्तरको आर्थिक विकासको दीर्घकालीन दृष्टिकोणका साथ यस रणनीतिक योजनाले जिरी नगरपालिकामा कृषि तथा वनमा आधारित गतिविधिहरूको कार्यान्वयनका लागि कार्य योजना प्रस्तुत गरेको छ, जसले प्राकृतिक स्रोतहरूको संरक्षण र बुद्धिमतापूर्ण प्रयोगमा आधारित भई दिगो उद्यम र आर्थिक विकासको ढाँचालाई प्रदर्शन गर्दछ । यस रणनीतिक योजनाको मुख्य उद्देश्य भनेको नगरपालिकाको क्लिन जिरी, ग्रीन जिरी र अर्गानिक जिरी भन्ने समग्र परिकल्पनामा योगदान पुऱ्याउँदै जिरी क्षेत्रको समग्र विकास लक्ष्य हासिल गर्नु हो र विशेष गरी जैविक विविधता र हिमाली विशेषतामा केन्द्रित भई कृषि र वन संसाधनहरूको संरक्षण र दिगो उपयोगको माध्यमबाट समुदायको दिगो विकासको ढाँचाहरू प्रदर्शन गर्नु पनि हो । यस दस्तावेजमा समग्र क्रियाकलापहरूलाई निम्न उद्देश्यहरूका साथ प्रस्तुत गरिएको छः

**सुशासनको अभ्यास र प्रणाली सुधारः** स्थानीय स्तरमा उत्पादित प्राकृतिक र अर्गानिक वस्तुहरूको वढवा र स्वतन्त्र एवं निष्पक्ष व्यापार अभ्यास र लाभको न्यायसंगत बाँडफाँडका लागि प्रोत्साहन गर्ने नीतिगत वातावरण सिर्जना गर्ने ।

**कृषि तथा वन पैदावार उत्पादकहरूको क्षमता विकासः** जलवायुमैत्री लगानी र अभ्यासहरु अवलम्बन गरेर र अर्गानिक उत्पादनका मापदण्ड र प्रमाणीकरणको अनुसरण गरेर कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न, तथा वनमा आधारित वस्तु, पानीको श्रोत र अन्य पारिस्थितिकीय सेवाहरूको निरन्तर पहुँचको लागि वन र जलाधार क्षेत्रको संरक्षण गर्न स्थानीय समुदायहरूलाई सक्षम बनाउने ।

**पोषण स्वास्थ्य र शिक्षासँगको कृषिको अन्तरसम्बन्धः** स्थानीय स्तरमा खाना र पोषण सुरक्षा सुनिश्चित हुने गरी कृषिलाई पोषण, स्वास्थ्य र शिक्षासँग जोड्ने ।

**अनुसन्धान तथा प्रसार सेवाको विकासः** कृषि तथा वनजन्य वस्तु उत्पादकहरूका साथै मूल्य श्रृंखलामा संलग्न अन्य पक्षहरूको क्षमता अभिवद्धिका लागि आवश्यक ज्ञानको संकलन, विश्लेषण र प्रसार सेवालाई संस्थागत गर्ने ।


**कृषि तथा वनमा आधारित उद्यमको विकास र बजारीकरणः** स्थानीय रूपमा कृषिजन्य र वनजन्य वस्तुको उत्पादकत्व वृद्धिका साथै घरेलु र अन्तर्राष्ट्रिय बजारमा राम्रो पहुँच बढाउनका लागि उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरणमा सघाउने ।

# अध्याय–२

## कृषि तथा वन क्षेत्रमा भएका विद्यमान पहल र वर्तमान अवस्था

### कृषि र वनमा आधारित उत्पादन र सेवाहरू

जिरी नगरपालिकाको महत्वपूर्ण हिस्सा वन र कृषि जमिनको रूपमा रहेको छ र यी क्षेत्रहरूको संरक्षण र बुद्धिमतापूर्ण उपयोगको माध्यमबाट जीविकोपार्जन र स्थानीय आर्थिक विकासका लागि विभिन्न वस्तु र सेवाहरू उपलब्ध हुन सक्दछन् । यस नगरपालिकामा जंगलले १२,१२५ हेक्टर (जिरी नगरपालिकाको कुल क्षेत्रको ५८ प्रतिशत) क्षेत्रफल ओगटेको छ । यस मध्ये ३ हजार हेक्टर भन्दा बढी वन क्षेत्र ३७ वटा सामुदायिक वन उपभोक्ता समूह र ४० वटा कबुलियती वन उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका छन् । यस नगरपालिकामा वनजन्य मुख्य उत्पादन र सेवा अन्तर्गत लोक्ता, अर्गेली, धसिङ्गरे, लौठ सल्ला, हस्तकलाका सामान र वनमा आधारित पर्यापर्यटनहरू रहेका छन् ।




**चित्र १: जिरी नगरपालिकाको भूउपयोग नक्शा**

जिरीमा ४,४८० हेक्टर जमिन कृषि योग्य भूमिको रूपमा रहेको छ जुन नगरपालिकाको कुल भू-भागको २० प्रतिशत भन्दा बढी हो । धेरैजसो कृषि अभ्यासहरू पारम्परिक र धेरै हदसम्म

निर्वाहमुखीस्तरमा सिमिति रहँदै आएका छन् । जिरीमा आलु जस्ता केही नगदे बालीहरु परम्परागत रूपमा उब्जाउ हुँदै आएको छ जुन नजिकैको बजार केन्द्रहरु र काठमाडौंमा बेचिन्छ । हालसालै अरू नगदे बालीहरु, मुख्यतया फलफूल र ताजा तरकारीहरूको खेति शुरूआत गरिएको छ र यी उत्पादनहरू नजिकैको बजार र काठमाडौंमा व्यावसायिक रूपमा बिक्री गरिन्छ । उपयुक्त मौसम र माटोको अवस्थाको कारण अन्य नयाँ नगदे बालीहरू खेति गर्ने सम्भाव्यता पनि रहेको छ । जिरीमा परम्परागत रूपमा खेति गरिदै आएका, केही वर्षदेखि खेति गरिदै आएका र भविष्यमा खेतिको सम्भावना रहेका बाली तथा गैरकाष्ठ वन पैदावारहरूको विवरण तालिका १ मा दिइएको छ ।

**तालिका १: व्यवसायिक उत्पादन र बजारीकरणका लागि सम्भाव्य खेतिहरू**

| परम्परागत रूपमा खेति गरिदै आएका बालीहरू | भर्खरै खेति शुरू गरिएका बालीहरू | खेतिको सम्भावना रहेका बालीहरू |
|---|---|---|
| आलु, आरू बखडा, बेसार, अदुवा, लसुन र खुर्सानी, रायो, स्कूस र केराउ, | किवी, भुईस्याउ अकवरे खुर्सानी, प्याज काउली, बन्दाकोबी, ब्रोकाउली, मुला, सलगम, केराउ | स्याउ, नास्पाती, ओखर, अंगुर, स्ट्रबेरी, ब्ल्याकबेरी सलाद र चुकन्दरको लागि साग, चिया सिड र किन्वा |

लोक्ता, अर्गेली, लौठसल्ला, धसिङ्गरे, सतुवा र चिराइतोहरू परम्परागत रूपमा खेति गरिने गैरकाष्ठ वन पैदावारहरू हुन् ।

## जिरी नगरपालिकामा कृषि तथा वनमा आधारित उत्पादन र सेवाको अवस्था विश्लेषण

### सवल पक्षहरू

**प्राकृतिक स्रोतले सम्पन्न:** प्राकृतिक सुन्दरता, जैविक विविधता र वन क्षेत्रको दृष्टिकोणले जिरी निकै सम्पन्न छ । यहाँ सिँचाइको लागि प्रशस्त पानीको स्रोत, बाली उत्पादनका लागि उर्वर भूमि र पशुपालनका लागि चरन क्षेत्र छ ।

**व्यावसायीकरणका लागि जिरी आफैमा भौगोलिक सूचक:** मुख्य बजार केन्द्र मुख्यत: काठमाडौंका उपभोक्ता माझ जिरीमा उत्पादन हुने वस्तुहरु जस्तै आलु, चीज, छुर्पी, किवीका बारेमा सकारात्मक धारणा रहेको छ ।

**अर्गानिक उत्पादनका लागि नगरपालिकाको प्रतिबद्धता:** अर्गानिक उत्पादनका लागि नगरपालिकाको उच्च प्राथमिकता रहेको छ र यो नगरपालिका पहिले नै अर्गानिक घोषणा गरिएको छ ।

**परम्परागत ज्ञान र सीपमा आधारित कृषि र वन पैदावारको अर्गानिक उत्पादनः** चीज, हाते कागज, तयारी काठ र फर्निचर, बाँस र काठबाट निर्मित हस्तकला जस्ता उत्पादनहरू पहिलेदेखि नै प्रचलनमा र व्यापारमा रहेका छन् ।

**पर्यटकका लागि लोकप्रिय गन्तव्यः** जिरी लामो समयदेखि परिचित पर्यटन गन्तव्य हो, साथै यस ठाउँमा नयाँ सांस्कृतिक र प्राकृतिक पर्यटन स्थलहरूको विकासको साथै पर्यटकका लागि आवास सुविधाहरू राम्रोसँग विकसित भएका छन् ।

**पूर्वाधारः** कृषि उत्पादनहरू संकलन गर्न जिरीको वडा तहसम्म सडकहरु जोडिएका छन् । साथै यो क्षेत्र काठमाडौं र तराई सम्मको पहुँचका लागि राजमार्गसँग जोडिएको छ ।

**तालिम र कृषि प्रसार सेवाको उपलब्धताः** नगरपालिकामा प्राविधिक विज्ञहरूको रूपमा कर्मचारीका साथै जिरी प्राविधिक विद्यालय पनि रहेको छ र सरकारले पशुपालन फार्ममा तालिम तथा प्रसार सेवाको लागि विभिन्न प्रबन्ध गरेको छ ।

## कमजोरीहरू

**यन्त्रीकरणमा कठिनाईः** हिमाली भूभाग र भिरालो जमिनका कारण कृषि क्षेत्रमा यन्त्रीकरण गर्न गाह्रो र महँगो छ ।

**जैविक कृषिका लागि पर्याप्त लगानीको कमीः** गाईवस्तुहरूको गोबरबाट परम्परागत रूपमा तयार पारिएका मल बाहेक जैविक मल तथा विषादीको आपूर्ति निकै सीमित छ ।

**प्रसार सेवाको लागि सिमित मानव संसाधनः** जैविक वस्तुहरूको उत्पादन र प्रशोधनमा प्रशिक्षित मानव संसाधनहरू नगरपालिकामा सीमित मात्रामा रहेका छन् ।

**नगरपालिकाको लगानी क्षमतामा कमीः** नगरपालिकाको आन्तरिक राजस्व कम भएकाले खेतीपाति र वनमा आधारित उत्पादनहरूको व्यवसायीकरणका लागि लगानी क्षमताको कमी छ ।

**उच्च लेनदेन लागतः** जिरीबाट उत्पादन भएका वस्तुहरू मुख्य बजार केन्द्रहरूमा पुर्‍याउन लागत उच्च हुन्छ किनकी सडकको लामो दूरी पार गर्नुपर्ने हुन्छ ।

**जैविक कृषि प्रवर्धन गर्न स्पष्ट नीति, कार्यक्रम र रणनीतिको अभावः** एक नयाँ क्षेत्रको रूपमा, जैविक कृषिको प्रवर्द्धनका लागि नीति, कार्यक्रम र रणनीति सीमित छन् । नगरपालिका क्षेत्रभित्र प्रविधिमा पहुँच, वित्तीय स्रोत र सस्तो ऋण प्रवर्द्धनमा कमी रहेको छ ।

**सामुदायिक तहमा उद्यमशीलताको अभावः** खेतीपाती अभ्यास धेरै जसो परम्परागत रहेको छ र कृषि तथा वनमा आधारित आर्थिक गतिविधिहरु त्यागेर युवाहरु गैरकृषि अवसरको लागि बसाई सर्ने क्रममा रहेका छन् । समुदाय स्तरमा नाफामूलक कृषि र वनमा आधारित वस्तु र सेवाहरूको लागि उद्यमशिलता र व्यावसायिक परिवेश एकदम सिमित छ ।

## अवसरहरू

**बजारयोग्य वस्तु तथा उत्पादनको उपलब्धता:** जिरीमा व्यावसायिक उत्पादन र बजारीकरणका लागि सम्भावित कृषि तथा खेतीपातीजन्य र वनमा आधारित उत्पादनहरु उपलब्ध छन् । यहाँ व्यावसायिक महत्व बोकेका परम्परागत रुपमा खेति हुँदै आएका फसल, गैरकाष्ठ वन पैदावार र अन्य सम्भावित वस्तु तथा उत्पादनहरु पहिचान भएका छन् ।

**वस्तुको उत्पादन, उत्पादकत्व र उत्पादित वस्तुहरूको बिक्री बढाउन सकिने सम्भावना:** यहाँ निम्न माध्यमबाट वस्तुको उत्पादन, उत्पादकत्व र उत्पादित वस्तुहरूको बिक्री बढाउन सकिने उच्च सम्भावना रहेको छः

- **उत्पादन:** फलफूल र तरकारीहरूको व्यावसायिक उत्पादनका लागि खेतीपाती गर्ने क्षेत्र तथा कृषकको संख्या बढाउन सकिने सम्भावना रहेको छ ।
- **उत्पादकत्व:** उत्पादकत्व वृद्धि गर्न गुणस्तरीय बीउ बीजन, प्रजाति, खेतीका विधि, प्रविधि तथा सिंचाइको शुरूआत गर्न सकिने सम्भावना रहेको छ ।
- **मूल्य अभिवृद्धि:** आलु चिप्स, जाम, काष्ठ प्रशोधन र हस्तकला सामग्री जस्ता सामानहरुको उत्पादनका लागि स्थानीय स्तरमा नै मूल्य अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

**उत्पादित वस्तुहरूको बजारीकरण:** जिरीका नाममा लेवलिङ्ग र ब्राण्डिङ्ग (व्यापारिक चिन्ह) गरी वस्तुको बजारीकरण गर्न सकिने सम्भावना रहेको छ ।

**वातावरणीय सेवामा आधारित उद्यम:** जिरीमा सम्भावित पर्यापर्यटनमूलक उत्पादनहरु र गन्तव्यहरु जस्तैः पर्वतारोहण मार्ग, ढुङ्गे उद्यान, गुँरास पार्क, ताल र डुङ्गा सयर आदिको विकास भइरहेको र अन्य गन्तव्यको विकास गर्न सकिने सम्भावना रहको छ ।

**जिरीलाई जैविक खेती प्रशिक्षण केन्द्रको रूपमा विकसित गर्ने सम्भावना:** जिरीमा जैविक खेतीको अभ्यास र यसप्रति संस्थागत प्रतिबद्धता रहेकाले यो ठाउँ आलू, फलफूल र तरकारी जस्ता स्थापित बालीहरुको र जैविक खेतीका लागि सम्भावित आवासीय प्रशिक्षण केन्द्रको रुपमा विकिसित हुन सक्दछ ।

## चुनौतिहरू

**खेति विफल हुने सम्भावना:** भरपर्दो जैविक किटनाशक नभएको अवस्थामा रोग र कीराहरुको प्रकोपको कारण बालीनालीमा असफलताको सम्भावना रहन्छ ।

**कृषि श्रमिकको उपलब्धता:** मानिस तथा श्रमिकहरूको सहरी केन्द्रहरुमा बढ्दो बसाई सराईका कारण खेतीका लागि श्रमको उपलब्धता घट्दो छ ।

**प्राकृतिक प्रकोपका कारणले उत्पादित वस्तुको ढुवानी रोकिने सम्भावना:** वर्षाको मौसममा अत्यधिक वर्षा र पहिरोका कारण सडक अवरूद्ध भई किसानहरूका खेतबारीबाट संकलन केन्द्रहरूमा र संकलन केन्द्रहरू मार्फत बजारसम्म ढुवानी गर्दा कठिनाईको सम्भावना रहन्छ ।

**बजार प्रतिष्पर्धा:** जिरीमा उत्पादित वस्तुहरूको बजारमा प्रवेश तथा यस्ता वस्तुको बजार विकास तथा विस्तार भएपछि स्थानीय स्तरका उत्पादक तथा व्यापारीहरुले अनुभवी तथा स्थापित व्यापारीहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने सम्भावना हुन्छ ।

## विद्यमान पूर्वाधार र सेवाहरू

जिरी नगरपालिकाका विभिन्न वडाहरूमा उपलब्ध पूर्वाधार तथा सेवाहरु र यिनीहरूको विद्यमान अवस्थाका बारेमा तालिका २ मा प्रस्तुत गरिएको छः

**तालिका २ः जिरी नगरपालिकाका विभिन्न वडाहरूमा उपलब्ध पूर्वाधार तथा सेवाहरू र यिनीहरूको विद्यमान अवस्था**

| पूर्वाधार र सेवाहरू | वडाहरू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| कालोपत्रे सडक | * | | | * | * | * | * | | |
| कृषि सडक | ** | * | * | * | * | * | * | * | * |
| विद्युत | * | ** | ** | ** | ** | ** | ** | ** | ** |
| दुर सञ्चार र इन्टरनेट सेवा | * | * | * | * | * | * | * | * | * |
| बाणिज्य बैंक | ** | * | * | * | ** | ** | * | * | * |
| लघु वित्त संस्थाहरू | ** | ** | ** | ** | ** | ** | ** | ** | ** |
| बचत तथा ऋण सहकारी संस्थाहरू | * | ** | ** | ** | ** | ** | ** | ** | ** |
| कृषि प्रसार सेवा | | * | * | * | * | * | * | * | * |
| जडीबुटी संकलन केन्द्रहरू | | | | | | | * | | |
| आलुको बीउ संकलनका लागि चिस्यान केन्द्र | | * | | | | * | * | | |
| कृषि उपज सेवा (जस्तै एग्रोभेट) | * | | | * | * | * | | | |
| सिंचाइ | | * | * | * | * | * | * | * | * |
| हाते कागज प्रशोधन उद्योग | | | | | ** | | | | |
| फर्निचर उद्योग | | | | ** | | | ** | | |
| दुध प्रशोधन उद्योग (याक चिज) | | | | | ** | | | | |
| होटल | | | | ** | ** | ** | | | |
| चिस्यान केन्द्र | | | | | | | | | |
| पर्यटकका लागि पथ प्रदर्शक | | | | | | | | | |

* न्यून गुणस्तर तथा मापदण्ड भएको     ** सन्तोषजनक गुणस्तर तथा मापदण्ड भएको

**कृषि विस्तार तथा प्रसार सेवाः** नगरपालिकाको कृषि कार्यक्रमले सामान्यतः विस्तार तथा प्रसार सेवाहरु, उपयुक्त प्रविधि, सक्षम वातावरण सिर्जना गर्ने, वित्तको सजिलो पहुँच र बजारीकरण सहयोग प्रदान गर्दै आएको छ । यद्यपि मानव र वित्तीय स्रोतको अभावका कारण नगरपालिका केही गतिविधिहरूमा मात्र सीमित छ । उदाहरणका लागि, आर्थिक वर्ष २०७५/७६ मा नगरपालिकाले २ वटा एकिकृत शत्रुजीव व्यवस्थापन (आईपीएम - IPM) का लागि किसानहरूको फिल्ड स्कूल आयोजना, किवीका लागि १,३०७ झेत्रा (स्ट्याकिंग), १६ वटा हाते ट्र्याक्टर, माहुरी पालनका लागि १०० घारहरूको वितरण तथा २ वटा नर्सरी र ७ वटा तरकारी टनेलको स्थापना तथा केही याक गोठालाहरु र अन्य पशुपालकहरूलाई सहयोग गरेको थियो ।

# अध्याय–३

## रणनीतिक योजना

यस दस्तावेजले कृषि र वनजन्य स्रोतहरूको संरक्षण र दिगो प्रयोगबाट स्थानीय स्तरको आर्थिक विकासको लक्ष्य प्राप्त गर्न, पाँचवटा परिणामहरु परीकल्पना गरेको छ, जुन यस प्रकार रहेका छन्ः १) संस्थागत प्रणालीको स्थापना र सुशासनको अभ्यास, २) कृषि तथा खेतीपाती र वनजन्य उत्पादकहरूको क्षमता विकास, ३) कृषिलाई पोषण, स्वास्थ्य र शिक्षासँग जोड्ने, ४) अनुसन्धान र सेवाहरूको विस्तार, र ५) खेती तथा वन उद्यम विकास र बजारीकरण । लक्षित उपलब्धीहरू तथा परिणामको बारेमा संक्षिप्त रूपमा तल उल्लेख गरिएको छ । साथै यसलाई स्पष्ट बनाउनको लागि प्रत्येक उपलब्धि तथा परिणामसँगै सम्बन्धित सूचक र सम्भावित क्रियाकलापहरु प्रस्तुत गरिएको छ । प्रत्येक उपलब्धी तथा परिणाम भित्र क्रियाकलापहरूको सूची र तिनीहरूको योजनाबद्ध समयसीमा (छोटो अवधि - २ बर्ष भित्र, मध्यम अवधि - ५ वर्ष भित्र, र लामो अवधि - ५ बर्ष भन्दा बढी) लाई अनुसूची २ मा प्रस्तुत गरिएको छ ।



## ३.१ सुशासनको अभ्यास र प्रणाली सुधार

नेपालमा कृषि र वन क्षेत्रको समग्र विकास तथा यी क्षेत्रलाई प्रतिष्पर्धी क्षेत्रको रूपमा विस्तार गर्न सामान्यतः कमजोर सुशासन व्यवस्था, कानूनको कार्यान्वयनको कमी, प्रशासनिक झन्झट, प्रक्रियागत ढिलाइ र असुरक्षा बाधकका रूपमा रहेका छन् । यसका साथै, राज्यको पुनर्संरचना सँगसँगै कृषि प्रसार सेवाहरूमा पहुँच पु¥याउन, खेतीपाती तथा कृषि र वनमा आधारित उत्पादनहरूको ढुवानी र बजारीकरणमा धेरै कमीकमजोरीहरु विद्यमान छन् । यसलाई सम्बोधन गर्न सुशासन प्रणालीको सुधार र यसको व्यवहारतः कार्यान्वयन गर्नु आवश्यक छ । यसका लागि नगरपालिकाले आफ्नो प्रणाली भित्र उपयुक्त सहायक संस्थागत संरचना निर्माण गरी सोको कार्यान्वयनका लागि उचित कानूनी संयन्त्रको विकास गर्नेछ । संस्थागत सुधार, नीति नियमको नियमन, योजनाहरूको विकास र पर्याप्त मानव संसाधन तथा प्राविधिक र ज्ञान उत्पादनहरूका साथै सहयोगी सेवा वितरण र सहयोग संयन्त्रको स्थापना गरी पारिस्थितिकीय प्रणालीमा आधारित जैविक कृषिका लागि प्रभावकारी शासन प्रणालीको विकास गरिनेछ । यस प्रणालीले उचित कार्यहरू गर्न स्थिरता, बहुसरोकारवालाहरूको अनुगमन, आवधिक प्रतिवेदनहरूको तयारी र प्रभावकारी सार्वजनिक लेखा परीक्षणको सुनिश्चितता गर्नेछ ।

**यस विषयको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरूलाई निम्न सूचकका आधारमा मापन गरिनेछः**

नीति निर्माण र सुधार - तर्जुमा गरिएका नीतिको संख्या र यसको कार्यान्वयनको लागि आवश्यक बजेट ।

उपयुक्त मानवीय स्रोतको व्यवस्था सहित संस्थागत सुधार र प्रभावकारी सेवा प्रवाह संयन्त्र ।


पारिस्थितिकीय प्रणालीमा आधारित व्यावसायिक कृषि प्रणालीको अवलम्बन ।

प्रभावकारी रूपमा ज्ञानको व्यवस्थापन र प्रतिवेदन प्रणालीको विद्यमानता ।

**यो उपलब्धी हासिल गर्नका लागि निम्न कार्यक्रमहरू प्रस्ताव गरिएका छन्ः**

### ३.१.१ नीति निर्माण र सुधार

**औपचारिक नीतिगत निर्णय सहित पीपीसीए** (PPCA) **जिरी घोषणापत्रको कार्यान्वयनः** नोभेम्बर २०१८ मा जारी गरिएको दिगो प्राकृतिक र जैविक उत्पादनमा आधारित उद्यम र स्थानीय आर्थिक विकासको लागि सार्वजनिक-निजी-समुदायिक एलायन्स (पीपीसीए) जिरी घोषणापत्रमा जिरी नगरपालिकामा स्थानीय स्तरको कृषि तथा वनमा आधारित आर्थिक विकासको लागि सरकार, निजी क्षेत्रका लगानीकर्ताहरू, सामुदायिक संगठनहरु र विकास साझेदारहरु बीच साझा समझदारी र सहमतिको वातावरण बनेको छ । नगरपालिकाको नगर सभाले लिने नीतिगत निर्णय तथा प्राथमिकताका आधारमा र यसको कार्यान्वयनले घोषणाको अभिप्रायलाई पूरा गर्न सक्दछ ।




**स्थानीय, जैविक र प्राकृतिक वस्तुहरूको प्रवर्द्धनका लागि नीति निर्माणः** समुदायस्तरमा उनीहरूको उत्पादन प्रणालीको माध्यमबाट स्थानीय, जैविक र प्राकृतिक उत्पादनहरूको प्रबर्द्धन गर्न अनुकूल नीतिगत वातावरण आवश्यक पर्दछ । त्यसकारण नीतिले जैविक, स्थानीय स्वास्थवर्द्धक खाद्य, औषधी र प्राकृतिक उत्पादनहरूको लागि आर्थिक सहयोग र अनुदान, वित्तिय सेवा (कम व्याजदरको ऋण), बीमा र बजार प्रबर्द्धन संयन्त्रको सुनिश्चित गर्नु पर्ने हुन्छ ।

**वन पैदावारमा आधारित उत्पादन र बजारीकरणमा रहेका नीतिगत अवरोधहरू हटाउनेः** विभिन्न स्तरका सरकारहरूबाट वन उत्पादनहरूमा कर लगाइएको छ र राज्य तथा गैरराज्य पक्षहरूबाट पनि राजमार्गमा अनौपचारिक शुल्कहरु लिने गरिएको छ । केही नगरपालिकाहरूले जिरीबाट काठमाडौं जाने कृषि उत्पादनमा समेत कर लगाउन थालेका छन् । उदाहरणका लागि, सिन्धुली जिल्लाको सुनकोशी नगरपालिकाले तरकारीमा प्रति किलो १५ पैसा कर लिने गरेको छ । यो अवरोध कम गर्न नगरपालिकाले जिल्ला समन्वय समिति, प्रदेश सरकार र संघीय सरकारका साथै नगरपालिका र गाउँपालिकाको संघ महासंघसँग मिलेर काम गर्नुपर्नेछ ।

**खेतीपाती तथा कृषि र वनमा आधारित वस्तुहरूको उत्पादन, प्रशोधन र बजारीकरणका लागि मापदण्डहरू र मापदण्ड कार्यान्वयन कार्यविधिहरूको विकासः** जिरी उच्च पहाडमा अवस्थित छ, र यस नाम प्रति राम्रो सार्वजनिक धारणा रहेको छ । जिरी ब्रान्डको साथ उच्च मूल्य र गुणस्तरीय उत्पादनको ठूलो सम्भावनाको पूंजीकरण गर्न, नगरपालिकाले कृषिजन्य र वनमा आधारित बस्तुहरूको उत्पादन, प्रशोधन र बजारीकरणका लागि एकसमान र विश्वसनीय उत्पादन मापदण्ड र उक्त मापदण्डको कार्यान्वयन प्रक्रियाहरु निर्धारण गर्नु पर्दछ । उदाहरणको लागी तरकारी र फलफूलहरूको लागी बाह्य र आन्तरिक गुणस्तर मापदण्डहरू अन्तर्गत रङ, आकार, प्याकेजिङ्ग मिति, क्रम संख्या, खाना पोषण तालिका आदि पर्दछन् भने हाते कागजको मापदण्डहरू अन्तर्गत आकार, कच्चा पदार्थ, घनत्व (जस्तैः प्रति वर्गमिटर तौल) आदि पर्दछन् ।

## ३.१.२ संस्थागत संरचना

**संस्थागत संरचनाको विकासः** नगरपालिकाको वर्तमान संस्थागत संरचनामा आर्थिक विकास शाखाले नै कृषि सेवा प्रदान गर्ने जिम्मेवारी लिएको छ । यस शाखामा प्रभावकारी रूपमा उत्पादकहरूलाई सेवा पुऱ्याउने धेरै सीमित प्राविधिक क्षमता र सेवा प्रवाह संयन्त्र मात्र रहेको छ । हालको जनादेश बमोजिम योजना अन्तर्गतका क्रियाकलापहरूलाई नगर सभाले अनुमोदन गरेको छ र नगर प्रमुखको नेतृत्वमा नगर कार्यपालिकाले आर्थिक विकास शाखा मार्फत कार्यान्वयन गरेको छ । एक भन्दा बढी वडालाई समेटेका योजना अन्तर्गतका क्रियाकलापहरूको कार्यान्वयनको लागि आर्थिक विकास शाखा प्रत्यक्ष रूपमा जिम्मेवार छ, यद्यपि, वडा स्तरका कार्यालयहरु पनि आफना क्रियाकलापहरूको कार्यान्वयन र अनुगमनका लागि जिम्मेवार हुन्छन् । तर वर्तमानमा उत्पादकहरूलाई सेवा प्रदान गर्न वडा स्तरमा कुनै संस्थागत संरचना र प्राविधिक जनशक्ति छैन । यो समस्या समाधानका लागी चित्र १ मा प्रस्तावित संस्थागत संरचना प्रस्तुत गरिएको छ ।




चित्र २: कृषि तथा वनमा आधारित उत्पादन प्रवर्द्धनका लागि संस्थागत संरचनाहरू

यस योजनामा प्रस्ताव गरिए बमोजिम वडा कार्यालयहरूले उत्पादक समूह (कृषि वा वन), सहकारी, उद्यमहरू, ठूला फार्महरू, समुदायमा आधारित बजार र अन्य पूर्वाधार व्यवस्थापन संस्थाहरु मार्फत स्थलगत रूपमा विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छन् । आर्थिक विकास शाखा र वडा कार्यालयहरूले उत्पादकहरु र अन्य मूल्य श्रृंखलामा संलग्न पक्षहरूको लागि आवश्यक सेवाहरु ( वित्तीय र गैरवित्तीय सेवाहरु दुवै) को प्रबन्ध गर्ने कुरामा ध्यान दिने छन् । नगरपालिकाले संघीय र प्रदेश सरकारहरु र उनीहरूको स्थानीय कार्यालयहरूका साथै विकास साझेदारहरूबाट प्राविधिक र वित्तीय सहयोग पनि प्राप्त गर्नेछ । नगरपालिका वा अन्य विकास एजेन्सीहरु र सरकारी र गैरसरकारी क्षेत्रबाट संचालित कृषि र वन सम्बन्धी गतिविधिहरूको योजना र अनुगमनका लागि पीपीसीए सहायक सिद्ध हुनेछ । दिगो प्राकृतिक र जैविक उत्पादनमा आधारित उद्यम र स्थानीय आर्थिक विकासको प्रवर्द्धनका लागि पीपीसीए नगरपालिकाको एक अनौपचारिक तर स्थायी सल्लाहकार निकायको रूपमा रहने छ ।

**पीपीसीएको नियमित रूपमा बैठक सञ्चालनः** पीपीसीएले विकासका चुनौतिहरूलाई सम्बोधन गर्न कृषि र वन क्षेत्रका सम्बन्धित सरोकारवालाहरू तथा उनीहरूका नयाँ सृजना, विचार र समाधानका सबैभन्दा उपयुक्त उपाय र स्रोतहरूलाई एकै थलोमा ल्याउँछ । पीपीसीएले नगरपालिकालाई सल्लाहकारको रूपमा निम्न विषयहरूमा सहयोग प्रदान गर्दछः १) विकास र योजनाको कार्यान्वयनमा समन्वयकारी तरीकाले यस्ता कार्यहरूमा तालमेल सिर्जना गर्ने र दोहोरोपना कम गर्ने, २) परिवारको खाद्य तथा पोषण आवश्यकता पुरा गरी बढी भएको उत्पादन स्थानीय तथा राष्ट्रीयस्तरमा बेच्नका लागि बजारसम्मको पहुँच हुने किसिमका स्थानीय रूपमा उपयुक्त पारिवारिक खेती विधि र बालीहरूको प्रवर्द्धन गर्ने, ३) स्थानीय र राष्ट्रिय रूपमा जलवायु परिवर्तनका चुनौतिहरूलाई समेत ध्यानमा राखी लामो र छोटो अवधिका कार्यक्रमहरूको पूर्वानुमान र कार्यान्वयन गर्न नगरपालिका तहमा छलफल र योजना तर्जुमा गर्ने, ४) स्थानीय ज्ञानको बढावा गर्न र सक्षम बनाउनका लागि यसको सम्मान गरी कार्यक्रम र योजनामा एकीकृत गर्ने र ५) कार्यक्रमको योजना र सोको कार्यान्वयनमा महिला, बालबालिकाहरु र अन्य कमजोर समूहहरूको हितका लागि विशेष रूपमा ध्यान दिने । अघिल्ला पीपीसीए बैठकहरूमा सबै सरोकारवालाहरूद्वारा सहमति भए अनुसार नगरपालिकाले द्विवार्षिक आधारमा पीपीसीए बैठकहरु आयोजना गर्ने योजना बनाएको छ ।

**नीति कार्यान्वयन र पारिस्थितिकीय प्रणालीमा आधारित कृषि कार्यक्रमलाई योजना तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा एकिकृत गर्नेः** नगर सभामार्फत हुने नीतिगत निर्णयहरु लागु गर्नका लागि उपयुक्तता अनुसार नियम र मार्गदर्शन विकास गरेर लागू गर्नु पर्नेछ । यस्ता नीति नियम र मार्गदर्शनहरूका बारेमा नगरपालिकाले सम्बन्धित सरोकारवालाहरूको सचेतना वृद्धि गर्नेछ । पारिस्थितिकीय प्रणालीमा आधारित व्यावसायिक कृषिलाई बढावा दिन नीति निर्माण र कार्यान्वयन संयन्त्र (नियम र दिशानिर्देश) को विकास गरी नगरपालिकाले यस कार्यक्रमलाई यसको नियमित योजना प्रक्रियामा एकीकृत गर्नेछ । नीतिगत प्राथमिकता र बजेटको तार्किक विनियोजनको साथ पीपीसीएको सल्लाहमा आधारित भई क्रियाकलाप र स्थानहरू छनौट हुनेछन् ।

## ३.१.३ पारिस्थितिकीय प्रणालीमा आधारित जैविक कृषि प्रणाली

ब्यापारिक रूपमा उब्जनी गरिने केही क्षेत्रहरु बाहेक जिरी नगरपालिका स्वयंमा जैविक क्षेत्रको रूपमा रहेको छ । चिसो मौसम, नबिग्रिएको माटो र स्थानीय विविधताका कारण जिरीका उत्पादनहरूको स्वाद विशेष रहेको छ र यो नै बजारमा जिरी उत्पादनहरूको व्यावसायीकरण गर्नका लागि मुख्य तुलनात्मक लाभ हो । यी तुलनात्मक लाभलाई मध्यनजर गर्दै जिरी नगरपालिकाले कृषि तथा वनजन्य उत्पादनहरूलाई पूर्ण रूपमा जैविक बनाउने योजना बनाएको छ र त्यस्ता बस्तुहरू बजारमा बेच्नका लागि आवश्यक परेको खण्डमा तेस्रो पक्षबाट प्रमाणीकरण प्राप्त गर्नका लागि पनि सोचेको छ । नगरपालिका स्तरमा जैविक उत्पादनको नमूना खेती पश्चात् जिरी नगरपालिकाले छिमेकी नगरपालिका र जिल्लाहरु संग

मिलेर जैविक उत्पादनको विस्तारका लागि काम गर्नेछ । पारिस्थितिकीय प्रणालीमा आधारित जैविक कृषि प्रणाली विकासको तयारीको रूपमा निम्न क्रियाकलापहरु प्रस्तावित गरिएको छ

**जैविक प्रमाणीकरण मापदण्डहरूका बारेमा किसान र सरोकारवालाहरूलाई अभिमूखीकरण गर्नेः** कृषक र अन्य सरोकारवालाहरु बीच साझा बुझाईको विकास गर्न, जैविक पद्धतिमा कम उत्पादन हुन्छ भन्ने विद्यमान परम्परागत सोचहरूलाई कम गर्न र जैविक कृषि प्रमाणीकरणका लागि मुख्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्नु आवश्यक छ । कृषकहरूका लागि अभिमुखीकरण कार्यक्रम मुख्यतः उत्पादन लगानी जस्तैः बीउ, मल र कीटनाशक र उत्पादन प्रणालीमा केन्द्रित हुनेछ भने अन्य पक्षहरू (संकलकहरु, ढुवानीकर्ताहरु, थोक बिक्रेताहरु, खुद्रा विक्रेताहरू) को लागि यस्तो अभिमुखीकरण उत्पादन व्यवस्थापन, जस्तै ग्रेडिंग, प्याकेजिङ्ग, यातायात र भण्डारणमा केन्द्रित हुनेछ ।

**प्रमाणिकरणको एक भरपर्दो र विश्वसनीय प्रणालीको विकास वा प्रयोग गर्नेः** प्रमाणीकरणका लागि नगरपालिकाले स्वदेशी र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलन हुनेगरी आफ्नो एक विश्वसनीय जैविक मापदण्डको विकास गर्नेछ । यस मापदण्डको आधारमा उत्पादकहरु र अन्य बजार प्रणालीमा रहेका पक्षहरूलाई तालिम दिइनेछ, जसले गर्दा उनीहरु कुनै पनि समयमा तेस्रो पक्ष प्रमाणीकरणको लागि तयार र सक्षम हुनेछन् ।

**जैविक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली (आइसीएस (ICS) को विकास गर्नेः** जिरी नगरपालिकाको योजना तेस्रो पक्ष प्रमाणीकरणको लागि तयारी अवस्थामा रहने छ, जसबाट बजारमा माग भएको एक बर्ष भित्र आफ्नो उत्पादन प्रमाणित गर्न सकिनेछ । यसका लागि उत्पादक समूहहरूलाई सामुहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली (ICS) का बारेमा प्रशिक्षण दिइनेछ, जसबाट उनीहरूसंग प्रमाणीकरण गर्नाका लागि आवश्यक जानकारी तयारी अवस्थामा रहनेछ ।

**स्थानीय स्रोत व्यक्ति र सम्भावित निरीक्षकहरूको लागि जैविक प्रमाणीकरणका बारेमा प्रशिक्षक प्रशिक्षण आयोजना गर्नेः** स्थानीय समुदायलाई विभिन्न सेवाहरूमा दिगो पहुँच वृद्धिका लागि स्थानीय स्रोत व्यक्ति र निरीक्षकहरूलाई उत्पादक समूहहरूका लागि तालिम दिन सक्षम बनाइनेछ । स्थानीय स्रोत व्यक्ति र निरीक्षकहरूलाई प्रशिक्षकहरूको प्रशिक्षण (ToT) प्रदान गरिनेछ । उनिहरू उत्पादक समूह र व्यावसायीहरूलाई थप प्रशिक्षण प्रदान गर्न परिचालित हुने छन् ।

## ३.१.४ ज्ञानको व्यवस्थापन र प्रतिवेदन प्रणाली

योजना गरिएका क्रियाकलापहरूको उचित कार्यान्वयन र दिगोपना सुनिश्चित गर्न सोको प्रभावकारी कार्यान्वयन र ज्ञान व्यवस्थापन अभ्यासको विकास हुनु आवश्यक हुन्छ ।

अनुगमन, मूल्यांकन र प्रतवेदन तयारी गर्न सक्ने गरी ज्ञान ब्यवस्थापन अभ्यासको प्रणालीमा पारम्परिक र वैज्ञानिक ज्ञान एकीकृत गरेर सिक्ने परिपाटीलाई सान्दर्भिक बनाउन आवश्यक छ । यसका लागि नगरपालिकाभित्र बहुसरोकारवाला अनुगमन, प्रभावकारी सार्वजनिक सुनुवाई र लेखापरीक्षण गर्नेगरी आवधिक सूचना संकलन र प्रतिवेदन तयारी गर्ने प्रणाली विकास गरिनेछ ।

**अनुगमन र मूल्यांकनः** नगरपालिकाका प्रत्येक वडामा वडा अध्यक्षको नेतृत्व र कर्मचारीको प्राविधिक तथा व्यवस्थापकीय सहयोगमा योजनाबद्ध रूपमा क्रियाकलापहरु कार्यान्वयन गरिनेछ । योजनाको प्रभावकारी कार्यान्वयन र आवश्यक पर्ने मध्यावधि सुधारको लागि नगरपालिका प्रमुखको नेतृत्वमा उच्चस्तरीय संयन्त्र गठन गरिनेछ, जसमा मुख्य प्रशासकीय अधिकृत, कृषि कार्यक्रम प्रमुख, आर्थिक विकास शाखा प्रमुख र पीपीसीएका प्रतिनिधि सदस्यहरू नै सदस्यको रूपमा रहने छन् । वार्षिक रूपमा, प्रत्येक वडामा कम्तिमा २ वटा अनुगमन भ्रमणहरु आयोजना गरिनेछ र आवश्यक भएमा अनुगमन टोलीले मध्यावधि सुधारको लागि सुझाव दिनेछ । कार्यसम्पादनको आधारमा उत्पादक समूह, उद्यमी, व्यापारी, प्रशोधनकर्ता र वडा तह समेत गरी विभिन्न स्तरमा नगरपालिको प्रणालीभित्र पुरस्कार र सजायको व्यवस्था विकास गरिने छ ।

**सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षणः** नगरपालिकाको पारदर्शिता र जवाफदेहीताको सुदृढीकरणका लागि कार्यान्वयन भएका गतिविधिहरुको परिप्रेक्षमा सहभागितामूलक प्रक्रियाका आधारमा वडा र नगरपालिका तहमा सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षण गरिनेछ । नगरपालिकाका प्रतिनिधिहरू र आम जनताद्वारा जानकारी आदान प्रदान र प्रश्न उत्तर शैलीको छलफलका माध्यमबाट नगरपालिकामा भएका कार्यसम्पादनको एक आपसी मूल्यांकन गर्न सहयोग पुग्नेछ । सार्वजनिक सुनुवाईको बखत व्यवस्थापन प्रक्रिया र प्राप्त उपलब्धीहरुको मूल्यांकन गरिनेछ तथा सार्वजनिक लेखा परीक्षणका बखत वित्तीय कारोवारको पनि समीक्षा गरिनेछ ।

**सूचना संग्रह, रेकर्ड, डाटाबेस व्यवस्थापन र रिपोर्टिङ्गः** आफ्नो वडा स्तरमा भएका प्रगतिको विवरण संकलन तथा नगरपालिकास्तरमा रिपोर्टिंग वडा अध्यक्षले आवधिक आधारमा नगरपालिकाको रिपोर्टिंग चक्रसंग मिल्ने गरि गर्नेछन् ।

[१]आन्तरिक नियन्त्रण प्रणाली एक लिखित गुणस्तरीय आश्वासन प्रणालीको अंश हो, जसले बाह्य प्रमाणिकरण निकायलाई प्रमाणित अपरेटर भित्र पहिचान गरिएको एकाइमा व्यक्तिगत समूह सदस्यहरुको आवधिक निरीक्षणका लागि प्रतिनिधि गर्न अनुमति दिन्छ । यसको मतलब तेस्रो पक्ष प्रमाणीकरण निकायले केवल प्रणाली अन्तर्गत राम्रोसँग भएको कार्यको निरीक्षण गर्नका साथै प्रमाणीकरण लिएका व्यक्तिगत र साना पक्षहरुको केही विषयहरू पुनः निरीक्षण पनि गर्नुपर्दछ ।

## ३.२ कृषि तथा वन पैदावार उत्पादकहरूको क्षमता विकास

बहुसंख्यक समुदायको कृषि खेती र वन पैदावार संकलन गर्ने विधिहरु प्रायः परम्परागत छन् र देशका अन्य भागहरुमा जस्तै खेती र वनमा आधारित आर्थिक गतिविधिहरुमा आवद्ध युवाहरु गैरकृषि अवसरको लागि अन्य क्षेत्रमा बसाई सरेका कारण उक्त गतिविधिहरू बिस्तारै छाडिदै गएका छन् । उच्च प्रतिफल पाउने कृषि र वनमा आधारित उत्पादन र सेवाहरुको लागि समुदाय स्तरमा सीमित उद्यमशिलता र व्यावसायिक दृष्टिकोण रहेको छ । यस क्षेत्रमा भर्खरै गरिएका अध्ययन र आकलनले स्थानिय उत्पादक माझ सिमित क्षमता रहेको देखाउँदछ । विद्यमान ब्यापारिक हिसाबले महत्वपुर्ण वस्तुहरु जस्तै आलु र किवीमा सुधार गरी उत्पादन गर्ने प्रविधि, कौशल र क्षमताको कमी छ । व्यापारका लागि सम्भाव्य अन्य उत्पादनहरु जस्तै ताजा तरकारी, मसला, वेरी सहितका विभिन्न प्रकारका फल, र उच्च मूल्यका अनाजहरु जस्तै किन्वा र चिया सिडका बारेमा उत्पादनसम्बन्धी ज्ञान र सीपको कमी रहेको छ । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि, वन पैदावार र पर्यापर्यटन को दिगोपनामा योगदान गर्ने जलाधार र पारिस्थितिकीय प्रणालीको उचित व्यवस्थापनमा पनि कमी रहेको छ । यस सम्बन्धमा उत्पादकहरुको क्षमता अभिवृद्धि गर्नका लागि उनीहरुलाई समूहमा संगठित गर्ने तथा फलफूल, तरकारी र मसलाजन्य बालीको उचित खेती र खेतीपश्चात फसल व्यवस्थापनका लागि अभिमुखीकरण साथै उपयुक्त लागत र प्रविधिको प्रावधान गर्नुपर्ने आवश्यकता रहेको छ ।

**यस विषयको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरूलाई निम्न सूचकका आधारमा मापन गरिनेछः**

३,००० किसान परिवारहरु १२० समूहमा संगठित हुनेछन, जसमध्ये ६० समूह र १,५०० घरधुरीले व्यावसायिक उद्देश्यका लागि बाली उत्पादन गर्दछन् ।

५० प्रतिशत उत्पादकहरूले उत्पादन गर्दा आलु ८०० हेक्टरमा, किवी १५० हेक्टरमा र तरकारीहरु ५० हेक्टरमा व्यासायिक उत्पादन हुनेछ ।

आलुको उत्पादन २० प्रतिशत र अरूमा १०० प्रतिशत बढेर बाली क्षेत्रको विस्तार र उत्पादकत्व बृद्धि भएको हुनेछ ।

कृषि र पर्यापर्यटनको कारण वार्षिक आगन्तुकहरू ५,००० र रोजगार संख्यामा बृद्धि हुनेछ ।

माथि उल्लिखित उपलब्धी हासिल गर्नका लागि क्षमता अभिवृद्धिका विभिन्न क्रियाकलापहरु विकास गरिनेछ, जसले लागत, प्रविधि र पूर्वाधारहरुको प्रावधान सहित उत्पादकहरुलाई विभिन्न समूहमा संगठित गर्ने र बाली उत्पादन र पारिस्थितिकीय प्रणाली व्यवस्थापनमा उत्पादकहरुको ज्ञान र सीप विकास गर्नमा सघाउने छ ।

### ३.२.१ कृषकहरूलाई संगठित गर्ने

आर्थिक क्रियाकलापहरूलाई निश्चित स्तरमा बृद्धि गर्न समूह र सहकारीमा रहेका साना उत्पादक समूहहरूलाई संगठित गर्न आवश्यक छ । संगठित समूहहरु मार्फत, साना कृषकहरूले संयुक्त रूपमा लागत र सेवाहरु लिन सक्छन्, वस्तुहरु थोकमा उत्पादन गर्न सक्छन् र बजारमा सामूहिक व्यापार गर्न सक्दछन्, जसले सामुदायिक रूपमा उत्पादित वस्तुहरूको लेनदेन लागत पनि कम गर्न मद्दत पुऱ्याउंछ ।

**नयाँ ठाउँहरूमा समूह बनाउने र विद्यमान समूहहरूलाई सुदृढ गर्ने:** जिरीमा विभिन्न निकायहरूद्वारा विभिन्न समयमा गठन भएका लगभग ३० वटा कृषक समूहहरु छन् । ती मध्ये केही सरकारी निकायहरूमा दर्ता छन् र कतिपय सरकारी प्रणालीमा दर्ता गरिएका छैनन् जसमध्ये धेरैजसो निस्क्रिय अवस्थामा छन् । समुदायहरु संगठित गर्न र तिनीहरूलाई कार्यशील बनाउनका लागि निम्न तीन प्रमुख क्रियाकलापहरु कार्यान्वयन गरिनेछ : १) नयाँ समूहहरूको गठन र दर्ता, २) औपचारिक रूपमा दर्ता नभएका विद्यमान समूहहरूको दर्ता र ३) दर्ता गरिएका समूहहरूको संगठनात्मक व्यवस्थापनका लागि क्षमता अभिवृद्धि ।

**सामुदायिक वन उपभोक्ता समूह र कबुलियती वन उपभोक्ता समूहलाई सहयोग:** कृषि समूहहरूको तुलनामा वन उपभोक्ता समूहहरु राम्रोसँग संगठित छन् । यद्यपि, त्यहाँ पनि सुशासन र व्यवस्थापनका विषयमा बिभिन्न सवालहरू विद्यमान छन् । विशेष गरी वन व्यवस्थापन योजनाहरु अद्यावधिक गर्नमा समस्या छ जसलाई प्राविधिक सहयोग चाहिन्छ । वन व्यवस्थापन समूहलाई सुशासन व्यवस्थापन सम्बन्धी महत्वपूर्ण विषय, जस्तै हिसाब किताबको अभिलेखीकरण, लेखा ब्यबस्थान, आवधिक बैठक सञ्चालन, सार्वजनिक लेखापरीक्षण, तथा समूहहरूको समयमै नवीकरण जस्ता विषयमा तालिम र क्षमता अभिवृद्धि सहायता प्रदान गरिने छ । कबुलियती वनका सन्दर्भमा वन पैदावार संकलन र जिल्ला बाहिर ओसार पसार तथा बिक्री गर्ने सम्बन्धमा अस्पष्टता छ, जसका लागि प्रदेश र संघीय सरकारसँगको समन्वयमा सहजीकरण गरिनेछ ।

**उपसमूहहरूलाई विशेष सहयोग उपलब्ध गराउने:** सामुदायिक वनका सबै उपभोक्ताहरूसँग समान समस्याहरु र उस्तै किसिमका आवश्यकताहरु नहुन सक्छन् । त्यसैले उपभोक्ता समूहभित्र समान समस्या र आवश्यकताहरु भएका उपभोक्ताहरूको उपसमूह गठन गर्ने अभ्यास प्रचलनमा छ । वन स्रोतमा बढी निर्भर रहेका, जंगलको नजिकै रहेका, गरिबीको रेखामुनी रहेका र सीमान्तकृत वर्गका मानिसहरू यस्ता उपसमूहमा संलग्न हुन सक्ने अन्तर्गत पर्दछन् । यस्ता समूहलाई आय आर्जनका क्रियाकलापहरू गर्नका लागि विशेष सहयोग कार्यक्रमहरू आवश्यक पर्दछ । उपसमूहहरु मार्फत गरीब र सीमान्तकृत समुदायहरूलाई सहयोग पुऱ्याउन निम्न अनुसारका सम्भावित कार्यक्रमहरू सञ्चालन गरिनेछ: १) नयाँ उपसमूहहरूको गठन र सुदृढीकरण, २) जडीबुटी तथा अन्य गैह्रकास्ठ वन पैदावारको

प्रारम्भिक प्रशोधन र मूल्य अभिवृद्धि गर्ने उपाय सम्बन्धी प्रशिक्षण, ३) जडीबुटी खेतीका लागि केहि वन क्षेत्रको निर्धारण, ४) कृषि पेशामा र कृषि पेशा बाहिरको आजीविकामा सहयोग पुर्‍याउने गतिविधिहरु, र ५) दाउराको प्रयोग घटाउन वैकल्पिक उर्जा प्रविधिमा पहुँच ।

**वित्तीय स्रोतमा पहुँचका लागि उत्पादक समूहलाई सहयोगः** ग्रामीण क्षेत्रमा वित्तीय स्रोतमा पहुँचका लागि बैंकहरुमा जमानत राख्नुपर्ने कुरा एक प्रमुख समस्या हो । यो विषय साना किसानहरुका लागि गम्भीर छ, किनकि सामान्यतया उनीहरु व्यावसायिक बैंकहरुको झन्झटिलो कागजी प्रक्रिया पूरा गर्न र बहुमूल्य जमानतको अनिवार्य प्रावधान पूरा गर्न सक्दैनन् । अर्कोतर्फ साना किसानहरुको लागि लघु वित्त संस्थामा पहुँच तुलनात्मक रुपमा सजिलो छ तर लघु वित्त संस्थाहरुको ब्याज दर उच्च छ । यस्तो अवस्थामा सरकारको सहयोग बिना साना किसानहरुले बैंक र वित्तीय संस्थासँग वित्तको पहुँच प्राप्त गर्न सक्दैनन् । त्यसैले नगरपालिकाले सहयोगका विकल्पहरूको रूपमा तीन किसिमका योजना बनाएको छ : १) साना किसानको आफ्नै बचत र ऋण सहकारी संस्था बनाउने वा कृषकहरुलाई विद्यमान सहकारी संस्थामा सदस्य हुनका लागि सहयोग गर्ने, २) लघु वित्त संस्थामा साना किसानहरुलाई ब्याज दरमा अनुदान दिने, ३) साना किसानहरुका लागि धितोमुक्त ऋण दिने प्रावधानहरु बनाउने, जस्तै : स्कोर कार्ड प्रणालीको प्रयोग वा वाणिज्य बैंकहरुमा जमानत नलिने ।

## ३.२.२ उत्पादक समूहहरूलाई तालिम

उत्पादक स्तरमा उद्यमशीलताको वृद्धि र कृषि तथा वनजन्य उत्पादनको व्यावसायीकरणका लागि उत्पादकहरुलाई उद्यमशीलता, व्यवसायिक योजना, फार्म व्यवस्थापन, बाली उत्पादन र खेतीपश्चात फसल व्यवस्थापनको बारेमा ज्ञान र सीप सहितको क्षमता अभिवृद्धि गरिनु पर्दछ ।

**उद्यमशीलता र कृषि व्यावसायसम्बन्धी योजना तर्जुमाः** अधिकांश किसानहरुका क्रियाकलापहरू निर्वाहमुखी किसिमका छन् भने उद्यमी सोच र कौशलताको निकै अभाव रहेको छ । उनीहरुले उत्पादन लागतको गणना नगरी परम्परागत रुपमा बाली उत्पादन गर्दै आएका छन् र प्रायः घाटामा रहन्छन् । यो मुख्यतया व्यापार योजनासम्बन्धी ज्ञानको कमीका कारण भएको हो । त्यसैले, प्रत्येक उत्पादक समूहमा उद्यम विकास र उद्यमशीलतासम्बन्धी सीपको बारेमा आधारभूत स्तरको प्रशिक्षण व्यवस्थित गर्नुका साथै प्रशिक्षण पश्चात् सजिलै बुझ्न सक्नेगरी आधारभूत व्यावसायिक योजनाहरु तयारीका लागि थप सेवाहरू प्रदान गरिनेछ ।

**जैविक कृषिका सिद्धान्त र अभ्यासबारे उत्पादकहरूलाई अभिमूखीकरणः** उत्पादनकर्ताहरू बीच र सहयोगी निकायहरुको बीचमा जैविक खेती सम्बन्धी बुझाइ फरक फरक रहेको छ । उत्पादकहरु र सहयोगी संस्थाहरु बीच साझा बुझाइको विकास गर्नका लागि किसानहरुमा जैविक खेतीको सिद्धान्त र अभ्यासका बारेमा सामूहिक तहको प्रशिक्षण आवश्यक छ ।

प्रारम्भमा विभिन्न क्षेत्रहरूमध्ये स्थानीय समुदायलाई जैविक खेती सम्बन्धी तालिम प्रदान गरिएको वडा नं. ७ मा उत्पादकहरूलाई प्रमाणीकरणसम्बन्धी अभिमुखीकरण तालिम दिने कुराको विचार गर्न सकिन्छ । त्यसपछि साथसाथै सम्पूर्ण नगरपालिकालाई समेट्ने गरी अन्य क्षेत्रहरूमा क्रमशः अभिमुखीकरण प्रदान गरिनेछ ।

**उत्पादन पश्चात्को व्यवस्थापनका बारेमा तालिम सञ्चालन:** प्रशिक्षण दिनु अघि यसको आवश्यकता सम्बन्धी विस्तृत मूल्यांकन गर्नु पर्दछ, जसको आधारमा प्रशिक्षण पाठ्यक्रमको विकास गरिने छ । हाम्रो प्रारम्भिक मूल्यांकनमा बाली र प्रजातिहरूको छनौट, नर्सरी व्यवस्थापन, खेती गर्ने विधि, बालीनाली प्रणाली, बाली पात्रो, माटोको पोषण प्रबन्ध, मल तयारी तथा उपयोग र बाली संरक्षण उपायहरूको प्रयोगका बारेमा उत्पादकस्तरमा प्रशिक्षणको आवश्यकता छ । त्यस्तै फसल काट्दा र त्यसपछिको व्यवस्थापन गर्दा उच्च प्रतिफल प्राप्त गर्नका लागि फसल काट्ने समय, फसल काट्ने विधि, प्राथमिक प्रशोधन, पूर्वभण्डारण, भण्डारण र प्याकेजिङ्गमा ध्यान केन्द्रित हुनेगरी प्रशिक्षण दिइने छ ।

## ३.२.३ वन तथा पारिस्थितिकीय सेवा व्यवस्थापन

हिमाली क्षेत्रका जंगलहरु जलाधार व्यवस्थापन तथा जोखिम न्यूनीकरणका साथै जैविक विविधता, खानेपानीको श्रोत तथा खाद्य सुरक्षा, कार्बन सञ्चिति, माटो सुधार र दृष्यावलोकन सेवाहरूका लागि निकै  महत्वपूर्ण छन् । जिरीमा रहेको वनजन्य भूपरिधि एक महत्वपूर्ण हिमाली पारिस्थितिकीय प्रणाली हो, जसले दृष्यावलोकन (पर्यापर्यटन), जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन र कार्बन सञ्चिति जस्ता विभिन्न वातावरणीय सेवाहरु प्रदान गरिरहेको छ ।

**पर्यापर्यटन प्रवर्द्धन:** सुन्दर दृश्य, वनजंगल, विभिन्न धार्मिक स्थल र सांस्कृतिक प्रचलन, र क्षेरदुङ्ग हिमाल तथा विश्वको शिखर सगरमाथा सम्मको पैदल मार्गका कारण जिरी सधैका लागि नेपालको एक प्रसिद्ध पर्यटकीय गन्तव्य बनेको छ । पारिस्थितिकीय प्रणाली सेवाहरूको भुक्तानीका लागि अपार सम्भावना रहेका यी प्राचीन प्राकृतिक सौन्दर्यहरूको संरक्षण र यसबाट लाभ लिनका लागि निम्न गतिविधिहरु प्रस्तावित छन्, जुन मुख्य रूपमा वन उपभोक्ता समूह तथा उपसमूहस्तरमा केन्द्रित छन् । यस्ता गतिविधिहरु अन्तर्गत पर्यापर्यटनका लागि उत्पादनहरूको पहिचान, स्तरीकरण र प्राथमिकीकरण, पदमार्ग र आधारभूत पूर्वाधार तथा सुविधाको सुधार, सरसफाइ तथा फोहरमैला ब्यबस्थापन सहित स्थानीय पर्यटक अपरेटर र गाइडहरूको क्षमता विकास, प्रचार प्रसार कार्यक्रम तथा स्थानीय र राष्ट्रिय स्तरमा मास मेडिया अभियान आयोजना गर्ने, र काठमाडौंमा आधारित पर्यटक अपरेटरहरूसँग स्थानीय पर्यटक अपरेटरहरूको सम्बन्ध स्थापना गर्ने जस्ता कार्यहरू गरिने छ ।

**जैविक विविधता संरक्षण र जलाधार व्यवस्थापन:** जैविक विविधता संरक्षण र जलाधार व्यवस्थापनको लागि वन उपभोक्ता समूहहरूको क्षमता अभिवृद्धि अन्तर्गत वन संरक्षणको

बारेमा अभिमुखीकरण, वन पैदावारको दिगो व्यवस्थापन, पानीका स्रोत तथा नदी संरक्षण र भर्खरै खोलिएका पदमार्ग र स्थानीय सडकहरूमा उत्तिस रोपण तथा अन्य जैविक ईन्जिनियरिङ्गको उपयोग जस्ता कार्यहरू गरिने छन् । जैविक विविधता संरक्षणको महत्वका विषयमा सार्वजनिक अभियानहरु सञ्चालन गरिने छ ।

**कार्वन सञ्चितीकरणः** दोलखा जिल्ला रेडप्लससम्बन्धी एक परियोजना सञ्चालन भएको जिल्ला हो, जहाँ कार्बन परिमाणको आधार रेखा (वेसलाइन) पहिले नै निर्धारण गरिएको छ र यसबाट कार्बन सञ्चितिमा भएको परिवर्तनलाई सजिलै नाप्न सकिन्छ । जिरीमा जलविद्युत् कम्पनीहरु र होटेलहरु कार्बन सञ्चितिको सम्भावित खरीदकर्ताका रूपमा रहेका छन् । यो कार्यले आर्थिक स्रोत र प्राविधिक जनशक्तिको माग गर्दछ, त्यसैले यस व्यवसायमा लगानी गर्ने निर्णय गर्नु अघि विस्तृत रूपमा व्यवसायिक सम्भाव्यता अध्ययन गरिने छ ।

## ३.२.४ लगानी, प्रविधि र पूर्वाधार सम्बन्धी व्यवस्था

जिरीको पहाडी र भिरालो भूभागले खेतीमा यन्त्रीकरण गर्नलाई गाह्रो र महँगो बनाएको छ । पारिस्थितिकीय प्रणालीमा आधारित व्यावसायिक कृषि विशेष छ र राम्रो आम्दानीका लागि यसले खेतिपाति र वन उत्पादन प्रणालीलाई पारिस्थितिकीय तथा दिगो तरीकाले उत्पादन र उत्पादकत्व बढाउने कार्य गर्दछ । यसका लागि खेतिपाति यन्त्रीकीकरण र खेतिपाति तथा वनमा आधारित उत्पादन प्रणालीको स्तरोन्नतीका लागि उत्पादक स्तरमा उपयुक्त र आवश्यक जानकारी, प्रविधि र पूर्वाधारमा पहुँच पूर्वशर्त हुन् ।

**गुणस्तरीय बीउ विजनः** उत्पादकहरूलाई गुणस्तरीय बीउ विजन उपलब्धताको लागि प्रस्ताव गरिएका कार्यहरु निम्न अनुसार छन्: १) जिरीका लागि उपयुक्त बालीनाली र प्रजातिहरूको पहिचान गर्ने, २) (तरकारी, फलफूल, घाँस, जडीबुटी, काठका लागि बहुउद्देश्यीय नर्सरी व्यवस्थापन र डल्ले (अकवरे) खुर्सानी जस्तो बाली विशिष्टीकरण गर्ने, ३) स्थानीय बाली र प्रजातिहरूको प्राथमिकताका साथ बीउ उत्पादन र उचित भण्डारण गर्ने, ४) एग्रोभेटको पहिचान र उनीहरूको बीउ आपूर्ति प्रणालीको विकासलाई भरपर्दो बनाउने ।

**माटोको पोषण तत्व र उर्बरता व्यवस्थापनः** माटोमा रहेको पोषण तत्व र उर्बरताले बालीको उत्पादकत्व र पौष्टिकतामा फरक पार्दछ । उच्च उत्पादकत्वका लागि मल तथा बिषादिको प्रयोगमा आधारित परम्परागत खेतीमा माटोको गुणस्तरमा ह्रास आउने उच्च सम्भावना रहेको छ । माटोको गुणस्तर गिरावट रोक्नको लागि प्रस्तावित गतिविधिहरु निम्न अनुसार रहेका छन्: १) माटो परीक्षण सुविधा स्थापना गरी कम्तिमा माटोमा रहेको **pH, N, P, K** र जैविक पदार्थ मापन गर्ने, २) गोठे मल (**FYM**) र कम्पोस्ट मल जस्ता जैविक मलको तयारी र प्रयोग गर्ने, ३) उपयुक्त रूपमा जीवाम्मृत (तरल र ठोस) को तयारी र प्रयोग गर्ने, ४) स्थानीय

रूपमा उपलब्ध सामग्री जस्तै गोबर, गहुँत, पानी र औषधीय बोटबिरूवाका केही अंश प्रयोग गरेर जैविक कीटनाशक (झोलमोल १, झोलमोल २) को तयारी र प्रयोग गर्ने, ५) पशुपालन फार्म र व्यक्तिगत घर परिवारबाट मूत्र संकलन र माटोमा यसको प्रयोग गर्ने, ६) उपयुक्त जैविक मलको पहिचान र यसको प्रयोग गर्ने ।

**कृषि औजारको प्रयोगः** जिरीको भूभाग ठूला ट्र्याक्टर र थ्रेसरहरूको लागि उपयुक्त छैन । सम्भाव्यता अध्ययन र परीक्षणको माध्यमबाट सम्भाव्य क्षेत्रहरूमा खेतीपातिका लागि उचित औजारहरू र यसको प्रयोगका लागि प्रविधिहरूको पहिचान गरिनु पर्छ । श्रम दक्षता बढाउने, जलवायु मैत्री बनाउने र खासगरी महिला लगायतले प्रयोग गर्न सक्ने जस्ता उपयोगिताको आधारमा सम्भावित कृषि प्रविधिहरूको मूल्यांकन गरिनेछ । उस्तै परिस्थितिमा परीक्षण गरिएका केही प्रविधिहरू (जस्तैः हाते ट्र्याक्टर र साना बहुफसल थ्रेसर) को उपयोगका लागि सहयोग गरिने छ ।

**सिंचाइ योजनाहरूः** हिमाली र भिरालो इलाकाका कारण धेरैजसो कृषि जमिनमा सिंचाइका लागि ठूलो नहर निर्माण कार्य उपयुक्त र सम्भव छैन । यसैले, जिरीका लागि उपयुक्त साना सिंचाई योजनाहरू, जस्तैः वर्षे पानी संकलन, थोपा सिंचाई, घरेलू स्तरमा पानी ट्यांकीमा पानी संकलन र अझ ठुलो स्तरमा पाइप सिंचाइलाई बढावा दिइने छ ।

## ३.३ पोषण, स्वास्थ्य र शिक्षासँग कृषिको अन्तरसम्बन्ध

विशेष गरी नेपालको हिमाली र पहाडी क्षेत्रका बासिन्दाको स्वास्थ्य र पोषण स्थिति कमजोर रहेको छ । जिरीमा जनताको स्वास्थ्य र पोषण स्थिति बढाउन नगरपालिकाले कृषिलाई पोषण, स्वास्थ्य र शिक्षासँग जोड्नेछ । यो नतीजा प्राप्त गर्नका लागि चारवटा कार्यक्रम प्रस्ताव गरिएको छः १) विद्यालय बगैंचा निर्माण, १) करेसा बारी निर्माण, ३) समुदाय स्तरमा पोषणयुक्त खाना तयार गर्ने र उपभोग गर्ने तरीकाको जनचेतना र नमुना प्रदर्शन, ४) खानेपानी, सरसफाइ र स्वच्छताको बारेमा सामान्य जागरूकता । यी कार्यक्रमका कार्यान्वयनबाट प्राप्त उपलब्धीहरूलाई निम्न सूचकका आधारमा मापन गरिनेछः

खेतीपाती, करेसा बारी, बीउ भण्डारण र बीउ बैंकको पहुँचमा स्थानीय समुदायको आत्मनिर्भरता बढेको हुनेछ ।

जैविक बाली उत्पादन गर्न उत्पादकहरूको क्षमता वृद्धि, जसले गर्दा उनीहरूको खाद्य र पोषणको आवश्यकताहरु पूरा गर्न सहज हुनुका साथै बढी भएको उत्पादन बिक्री गर्ने क्षमता वृद्धि हुनेछ ।

फलफूलका साथै उचित रूपमा पकाइएका तरकारीको खपतका कारण बच्चा तथा उत्पादकहरूको स्वास्थ्य स्थितिमा सुधार भएको हुनेछ ।

स्वस्थ खाना र व्यावहारिक शिक्षाका कारण विद्यार्थीहरूको पढाइको स्तरमा सुधार भएको हुनेछ ।

स्थानीय स्तरमा स्वच्छ खानेपानी तथा सरसफाइका अभ्यासहरु उपलब्ध हुनेछन् ।

### ३.३.१ विद्यालय बगैचा

विद्यालय बगैंचा कार्यक्रमको बहुपक्षीय फाइदाहरु छन् । जस्तै यसले विद्यार्थीहरूमाझ पौष्टिक खानाको बारेमा चेतना बढाउन, विद्यालयको सौन्दर्य बढाउन, र विद्यालयको पठन पाठन प्रभावकारी तथा व्यावहारिक बनाउन सहयोग गर्दछ । विद्यालय बगैंचामा तरकारीहरु, फलफूल, फूल र औषधीय विरूवाहरु समावेश हुनेछन् । अध्ययनहरूले यो देखाउँदछ कि विद्यालय बगैंचाहरूले बच्चाको ज्ञान र स्वस्थ खानाको लागि प्राथमिकता दिने कुरामा सुधार गर्दछ । जग्गा उपलब्ध भएका प्रत्येक विद्यालयमा यस कार्यक्रम मार्फत सहयोग गरिनेछ । विद्यालय बगैचा स्थापना गर्नका लागि निम्न बमोजिमका कार्यहरू गरिनेछ ।

**बगैचा स्थापनाका लागि विद्यालयहरूको पहिचानः** बगैंचा स्थापनाका लागि विद्यालयहरु चयन विभिन्न सूचक र मापदण्डको आधारमा गर्न सकिन्छ । यस्ता मापदण्डहरू यस प्रकार छन्ः १) आर्थिक वर्गका विद्यार्थीहरूको लागि समान पहुँच भएको सार्वजनिक विद्यालय जसमा कम्तिमा कक्षा ७ (निम्न माध्यमिक तह) सम्म को शिक्षा र कम्तिमा १०० विद्यार्थीहरु भएको हुनुपर्दछ, २) यो कार्यक्रममा सामेल हुन विद्यालय व्यवस्थापन इच्छुक भएको हुनुपर्दछ, ३) बगैचाका लागि विद्यालयमा कम्तीमा ३०० वर्ग मिटर भूमि हुनुपर्दछ, र ४) प्रस्तावित जमिनमा सिंचाइका लागि पानीको भरपर्दो पहुँच हुनु पर्दछ ।

**विद्यालय बगैचाको डिजाइन र वाली चक्र:** माथि उल्लेख गरिए अनुसार विद्यालय बगैंचामा तरकारी, फलफूल, औषधीय गुणयुक्त बोटबिरूवा र फूलहरु समावेश हुन सक्छन् । यद्यपि, पोषणका दृष्टिकोणले विद्यालय बगैचा कार्यक्रम तरकारीमा केन्द्रित हुनेछ । बगैचा निर्माण गर्दा तरकारी प्लटको आकारका लागि कुनै खास नियमहरु छैनन्, तैपनि विद्यार्थीहरु प्लटको प्रत्येक भागसम्म पुग्न सक्ने गरि, तथा चक्रिय रूपमा बाली उत्पादन गर्न मिल्ने क्षेत्रफल किटान गरि बगैंचाको डिजाइन तथा निर्माण गर्नु पर्छ । यसका लागि प्रत्येक ३ मिटर लम्बाइको न्यूनतम चार भूखंडहरु सिफारिश गरिन्छ । यदि सम्भव छ भने बगैंचालाई तारबार गर्न सिफारिस गरिन्छ । विद्यालय बगैचामा स्थानीय रुपमा उब्जनी हुने तरकारीको खेती समावेश हुनेछ । तरकारीको छनौटको मापदण्डका लागि स्थानीय स्तरमा प्राथमिकता, पौष्टिक तत्वमा विवधिता, उत्पादन गर्न सजिलो र स्थानीय मौसम तथा माटोमा राम्रोसँग अनुकूल हुन सक्ने, सामान्य कीट तथा रोगसंगको प्रतिरोधी क्षमता भएको, राम्रो उत्पादन दिन सक्ने, विद्यालयको तालिकासँग मिल्नेगरी बाली चक्र भएको र बीजको उपलब्धता हुन सक्ने कुराहरूलाई ध्यान दिनु पर्दछ । स्थानीय रुपमा उब्जनी हुने तरकारीहरु छनौट गर्न आवश्यक छ तर सबै मौसम र वर्षमा उस्तै प्रकारका तरकारीहरु उही प्लटमा उब्जाउने गरी लगाउनु हुँदैन । सबै प्रकारका तरकारीहरु सम्बन्धित मौसममा उब्जाउने योजना पनि महत्वपूर्ण र आवश्यक छ । तलको चित्रमा तरकारीका प्रकार र यिनीहरुको वाली चक्र (रोटेशन) को लागि एक उदाहरण प्रस्तुत गरिएको छ ।


| प्लट | वर्ष | बाली |
|---|---|---|
| प्लट १ | वर्ष १ | कोसेवाली |
| | वर्ष २ | पात हुने तरकारी |
| | वर्ष ३ | फल हुने तरकारी |
| | वर्ष ४ | जरा हुने तरकारी |
| प्लट २ | वर्ष १ | पात हुने तरकारी |
| | वर्ष २ | फलफूल हुने तरकारी |
| | वर्ष ३ | जरा हुने तरकारी |
| | वर्ष ४ | कोसेवाली |
| प्लट ३ | वर्ष १ | फलफूल हुने तरकारी |
| | वर्ष २ | जरा हुने तरकारी |
| | वर्ष ३ | कोसेवाली |
| | वर्ष ४ | पात हुने तरकारी |
| प्लट ४ | वर्ष १ | जरा हुने तरकारी |
| | वर्ष २ | कोसेवाली |
| | वर्ष ३ | पात हुने तरकारी |
| | वर्ष ४ | फलफूल हुने तरकारी |

चित्र ३: विद्यालयको बगैचामा लगाईने तरकारीका प्रकार र यिनीहरूको वर्षगत बालीचक्र

**स्थानीय भाषामा प्रशिक्षण दिग्दर्शनको विकास र अवलम्बन:** नेपाल कृषि अनुसंधान परिषदले विद्यालय बगैचाका लागि प्रशिक्षण पुस्तिका तयार गरिसकेको छ र अनुसन्धान उद्देश्यका लागि दोलखा र सिन्धुपाल्चोकका विभिन्न विद्यालयहरुमा प्रयोग गरेको छ । यो प्रशिक्षण पुस्तिका जिरीको सन्दर्भमा सान्दर्भिक रहेकोले प्रशिक्षणको लागि प्रयोग गर्न सकिन्छ ।

**शिक्षक र स्थानीय स्रोत व्यक्तिहरूका लागि प्रशिक्षक प्रशिक्षणको आयोजना:** विद्यालय बगैंचाको स्थापना र संचालनका लागि प्रशिक्षक प्रशिक्षण मार्फत स्थानीय स्तरमा प्रशिक्षकहरूको विकास गरिनेछ । विद्यालय बगैचा र घर बगैचा एक आपसमा अन्तरसम्बन्धित हुन्छन्, त्यसैले प्रशिक्षकहरूका लागि प्रदान गरिने तालिममा विद्यालयका शिक्षकहरु र स्थानीय स्रोत व्यक्तिहरु समावेश हुनेछन्, जसले विद्यालय बगैचा र घर बगैंचा दुबैका लागि सहभागीहरूलाई समायोजित गर्नेछ । यस्तो प्रशिक्षण २ दिनको हुनेछ र मूल रूपमा यसमा १) विद्यालय/घर बगैचा डिजाइन र विकास, २) तरकारी र मानव पोषण, ३) विद्यालय बगैचा र घर बगैचा बीचको सम्बन्ध, र ४) अभिभावकको प्रशिक्षणको लागि कार्य योजना जस्ता विषयहरू समावेश हुनेछन् । प्रशिक्षित शिक्षकहरूलाई विद्यार्थीहरूका लागि तालिम दिन परिचालन गरिनेछ ।

**विद्यालय बगैचा स्थापनाको लागि सहजीकरण:** विद्यालय बगैचाको आधारभूत भाग अन्तर्गत उत्पादन प्लट, छाना सहितको नर्सरी, मल राख्ने ठाउँ, पानी ट्यांकी र सिंचाई प्रणाली र सुरक्ष्याका लागि तारबार पर्दछन् । चित्र ३ मा एउटा विद्यालय बगैचाको खाका (रूपरेखा) प्रस्तुत गरिएको छ । विद्यालय बगैंचाको स्थापनाका लागि सहजीकरण सहयोग प्रदान गरिनेछ । यसका लागि बगैंचा डिजाइन, बाली चयन तथा बाली चक्र र यसको प्रशिक्षणका लागि भट्टराई र साथीहरूद्वारा लिखित विद्यालय तरकारी बगैचाको पाठ्यक्रम र कार्ययोजना नामक पुस्तकलाई अपनाउन सकिनेछ ।




चित्र ४: विद्यालय बगैचाको योजनाबद्ध रेखाचित्र (भट्टराई र साथीहरूद्वारा लिखित पुस्तक २०१८ बाट लिइएको)

### ३.३.२ करेसाबारी

गर्दछ, तर राम्रो गुणस्तरको आहारतर्फको परिवर्तन चाँही स्वस्थ खानाको कम उपलब्धताले सीमित गरिदिन सक्छ । विभिन्न अध्ययनहरूले के देखाउँदछ भने घर र विद्यालय बगैंचाको संयुक्त प्रयासले अभिभावकको खाना र पौष्टिक ज्ञान बढाएको हुन्छ र उनीहरु आफ्नो करेसाबारीबाट अधिक तरकारीहरु उत्पादन गर्न सक्षम हुन्छन् । यस नगरपालिकाले ६० समूहमा तरकारी/घर बगैंचा (करेसाबारी) स्थापना गर्ने योजना बनाएको छ जसमा खेती गर्ने परिवारहरूको संख्या १,५०० हुनेछ । करेसाबारीलाई प्रवर्द्धन गर्ने चरणहरु तल प्रस्तुत गरिएको छः

**करेसाबारी स्थापनाका लागि उत्पादक समूहहरू पहिचान गरी संगठित गर्नेः** यस योजनाको अपेक्षित उपलब्धी ४.२ मा प्रस्तुत गरिए अनुसार विद्यमान उत्पादक समूहहरु परिचालन गरेर र नयाँ समूहहरूमा बढी किसानहरु संगठित गरेर स्थानीय तहमा करेसाबारी बगैंचा प्रवर्द्धन गर्न सकिन्छ । यी समूहहरूलाई करेसाबारीको ज्ञान र सीपहरूको विकासका लागि तालिम उपलब्ध हुनेछ ।

**विभिन्न प्रकारका विकल्प सहित उपयुक्त करेसाबारी डिजाइनः** करेसाबारीको डिजाइन जमिन (जग्गा) को प्रकार र क्षेत्रफलका आधारमा हुनेछ । समतल जमिनका लागि माथि प्रस्तुत विद्यालय बगैचाको डिजाइन दोहोर्याउन सकिन्छ । यदि जमीन धेरै साना गह्राहरूमा छ भने प्रत्येक साना गह्रामा एक वा दुई बालीका लागि बाँडफाँड गर्न सकिन्छ तर बालीको चक्र भने कायम गर्नुपर्दछ । यदि खेतीका लागि कुनै जग्गा उपलब्ध छैन भने घर छेउका साना टुक्रा वा कौसी खेतिलाई पनि बढावा दिन सकिन्छ ।

**स्थानीय भाषामा करेसाबारीको प्रशिक्षण म्यानुअलको विकास वा अवलम्बन गर्नेः** करेसाबारीको विषयमा प्रशिक्षणको लागि एन्साबद्वारा विकसित गरिएको एउटा परीक्षण म्यानुअल उपलब्ध छ, यसले सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक सत्रहरूलाई समेट्छ । जिरीको सन्दर्भमा उत्पादक समूहहरूलाई तालिम दिन यस तालिम पुस्तिकालाई अपनाउन सकिन्छ ।

**करेसाबारी स्थापनाका लागि सहयोगः** कृषि प्रसार सेवाको लागि विद्यालय र घर बगैंचाका विषयमा प्रशिक्षण प्राप्त गर्ने प्रशिक्षकहरु (शिक्षक वा स्थानीय स्रोत व्यक्ति) परिचालन गर्न सकिन्छ । प्रशिक्षकहरूले किसानहरूलाई करेसाबारी स्थापना गर्न र विभिन्न मौसमका लागि सिफारिश गरिएका बाली उब्जाउने काममा सहयोग गर्नेछन् । उक्त प्रशिक्षकहरूको पारिश्रमिकको व्यवस्था स्थानीय समूह तथा नगरपालिकाले गर्नेछ ।



**उत्पादक समूहहरूलाई महत्वपूर्ण लागत, प्रविधि र अन्य सहयोग प्रदान गर्नेः** करेसाबारीलाई प्रवर्द्धन गर्न तालिम प्राप्त किसानहरूलाई आवश्यक प्रारम्भिक सहयोगको व्यवस्था हुनेछ । उत्पादकहरूले प्रशिक्षण पछि तुरुन्त करेसाबारी शुरु गर्नका लागि तरकारीको बीउ, जैविक कीटनाशक र जैविक मल जस्ता सामग्री उपलब्ध गराउने छ ।

## ३.३.३ पोषण, खाना तयारी र खपतमा जागरूकता

मानिसहरूलाई स्वस्थ खाना छनौटमा आकर्षित गर्न पौष्टिक र सन्तुलित खानाको महत्वका बारेमा जनचेतना जगाउनु महत्वपूर्ण हुन्छ । हालका दशकहरूमा न्यून पोषण भएका खाद्य र पेय पदार्थहरूको विश्वव्यापी उपलब्धतामा उल्लेखनीय वृद्धि भएको छ । यस्ता खाद्य वस्तुहरूको  खपत कम र मध्यम आय भएका देशका वयस्क र बच्चाहरूमाझ वृद्धि भएको छ । यसका लागि सर्वसाधारणमाझ खाना र पोषण सम्बन्धि चेतना जगाउनु आवश्यक छ, जसका लागि नगरपालिकास्तरमा निम्न कार्यहरु गर्न सुझाइएको छ ।

**स्थानीय र जैविक खाद्य पदार्थको महत्वका बारेमा उत्पादक र उपभोक्ताहरूमाझ सचेतना गराउनेः** सचेतना कार्यक्रममा दुई कुरा ध्यानमा राखि सचेतना जगाउने गतिविधिहरु गरि नेछः १) उत्पादकहरूका लागि रासायनिक मल र कीटनाशक औषधीको बढ्दो उपयोगले

उपभोक्ताहरूको जनस्वास्थ्य र समग्रमा वातावरणमा पार्ने जोखिमका विषयमा र २) उपभोक्ताहरूलाई स्थानीय र जैविक उत्पादनहरूको महत्वका बारेमा सचेतनाका गतिविधिहरु गरिनेछ । सचेतना कार्यक्रम विद्यार्थीहरु तथा उत्पादक समूहहरूमाफ, र फराकिलो स्तरमा पोष्टर, होर्डिङ्ग बोर्ड तथा स्थानीय एफएम मार्फत सन्देशहरु प्रसारित गरी विभिन्न तहमा आयोजना गर्न गरिनेछ ।

**स्वस्थ तथा पौस्टिक खाना तयार गर्ने विधिहरूका विषयमा प्रशिक्षण र प्रदर्शन गर्ने:** खाना पकाउँदा पौष्टिक पदार्थको क्षति रोक्न र खाना तयार गर्दा पोषण तथा खनिजहरूको उचित संयोजन कायम गर्न जरूरी हुन्छ । उच्च तापक्रममा लामो समय र धेरै पानी प्रयोग गरी खाना पकाउनाले खानामा रहेको पौष्टिक तत्वहरु गुम्दछन्, जुन कुरा नेपाली खाना पकाउने बानीमा प्रयुक्त हुँदै आएको छ । त्यस्तै गरी, सर्वसाधारण र विशेष गरी गरिब जनता आफ्नो खानामा अन्न, फलफूल, तरकारी र प्रोटीन तथा चिल्लो पदार्थको उचित संयोजनको आवश्यकताका बारेमा सचेत छैनन् । त्यसैले सर्वसाधारणलाई सचेत बनाउन खाना पकाउने कार्यक्रमहरु र प्रदर्शनीहरु आयोजना गर्न सकिन्छ । खाना तयार गर्ने कार्यक्रमहरु विद्यालय र उत्पादक समूहस्तरमा आयोजना गर्न सकिन्छ । त्यस्तै यस्ता कार्यक्रम ठूला मेलाहरू, सामूहिक जमघट कार्यक्रमहरु र व्यापार मेलाहरूमा आयोजना गर्न सकिन्छ, जहाँ स्थानीय खाना र खाना तयार गर्ने विभिन्न विधिहरूको प्रदर्शन गर्न सकिन्छ ।

## ३.३.४ खानेपानी, सरसफाइ र स्वच्छता (वास – WASH)

सुरक्षित पिउने पानी, सरसफाइ र स्वच्छता (वास) अभ्यासहरु मानव स्वास्थ्य र कल्याणका लागि महत्वपूर्ण छन् । विश्व स्वास्थ्य संगठनका अनुसार सुरक्षित वास (WASH) अभ्यासहरु स्वास्थ्यका लागि आवश्यक हुनाका साथै यसले सर्वसधारणको आजीविका र मानिसको गरिमा, तथा विद्यार्थीको विद्यालयमा उपस्थितिमा समेत योगदान पुऱ्याउँछ । साथै यसले स्वस्थ वातावरणद्वारा समुदायको उत्थानशीलता बढाउन मद्दत गर्दछ । जलाधारको उचित व्यवस्थापन, सुरक्षित पिउने पानीको आपूर्ति र व्यक्तिगत सरसफाइको माध्यम वास (WASH) का लागि जरूरी छन् । यस अन्तर्गत समुदायस्तरमा फोहर फाल्ने व्यवस्था र विद्यालयहरूमा खानेपानीको आपूर्ति तथा छुट्टै शौचालय पनि समावेश हुनु पर्दछ । नगरपालिकाको विद्यमान प्रणालीलाई वास (WASH) को विषयसँग जोडेर अझ सुदृढ बनाउन र जिरीमा उचित किसिमको वास (WASH) सुनिश्चित गर्न नगरपालिकाले निम्न गतिविधिहरु शुरु गर्नेछः १) मानव स्वास्थ्यको लागि स्वच्छ पिउने पानीको महत्वका बारेमा जागरूकता बढाउने, २) पिउने पानी आपूर्ति व्यवस्थापनका बारेमा प्रशिक्षण तथा पानीका स्रोत संरक्षण, पानी भण्डारण ट्यांकी, पाइपलाइन र धारा व्यवस्थापनको लागि सामग्री सहयोग गर्ने, ३) हात धुने बानी र व्यक्तिगत स्वच्छताका बारेमा जागरूकता बढाउने र ४) सुरक्षित पिउने पानी आपूर्ति प्रणाली र सफा शौचालयका लागि विद्यालयहरूलाई सहयोग गर्ने ।

## ३.४ अनुसन्धान तथा प्रसार सेवा

हिमाली प्रकृति अनुरूप सिमित मात्रामा अनुसन्धान तथा प्रसार सामग्री र मानव संसाधनका कारण जिरीमा यस्ता सेवाहरूको आवश्यकता छ । अनुसन्धान र प्रचार प्रसार सेवाहरूको बृद्धि गर्न उपयुक्त ज्ञानको संग्रह, विश्लेषण र प्रसारलाई संस्थागत गर्न सक्ने प्रणालीको आवश्यकता पर्दछ । जिरी नगरपालिकाले नगरपालिकामा नियमित कार्यक्रमको रूपमा अनुसन्धान र प्रसार सेवा प्रणाली स्थापना गर्नेछ । यस विषयको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरूलाई निम्न सूचकका आधारमा मापन गरिनेछः

नगरपालिकाले अनुसन्धान र प्रसार सेवाहरूको प्रणाली स्थापनालाई नगरपालिकाको मुख्य कार्यक्रमका रूपमा स्थापित गर्ने नीतिगत निर्णय लिईनेछ ।

नगरपालिकाको कृषि क्षेत्रमा सक्षम प्रसारकर्मीको साथसाथै सूचना इकाई स्थापना गरिएको हुनेछ र तालिम प्राप्त स्थानीय स्रोत व्यक्तिहरूको माध्यमबाट प्रत्येक उत्पादकहरूले प्राविधिक सेवाहरूमा पहुँच पाउनेछन् ।

उत्पादन प्रणाली, अभ्यास, लागतहरु र प्रविधिको सफल प्रदर्शनका लागि एक अनुसन्धान र प्रदर्शन केन्द्र विकास गरिनेछ । साथै यसलाई जैविक कृषिको ज्ञान विस्तारका लागि परीक्षण केन्द्र बनाउन यस केन्द्र नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को प्रणालीसँग जोडिएको हुनेछ ।

कम्तिमा पाँच वटा व्यावसायिक रूपले महत्वपूर्ण वस्तुको उद्यम विकास योजना बनाई बजार अनुसन्धान गरिएको हुनेछ ।

### ३.४.१ वस्तु विकास, उद्यम र बजार अनुसन्धान

**सम्भावित वस्तु र सेवाहरूको पहिचानः** बजार अनुसन्धान, उद्यम विकास र बजारीकरणका लागि वस्तुहरु छनौट गर्दा सम्बन्धित क्षेत्रमा त्यस वस्तुको उपलब्धता र बजार माग तथा सम्भावना मुख्य सूचकहरु हुन् । नगरपालिकामा कृषि तथा वन पैदावारमा आधारित वस्तु र सेवाहरूको सम्भाव्य मूल्य अभिवृद्धि तथा बजारीकरणका आधारमा जिरीबाट व्यावसायीकरणका लागि सम्भावित वस्तुहरु स्थानीय आलु, ताजा तरकारी, मसला, कीवी, आडुबखडा र लोक्ताबाट निर्मित हाते कागज हुन् । त्यस्तै पर्यापर्यटन व्यवसाय पनि सम्भावनाका साथ अर्को महत्वपूर्ण क्षेत्र रहेको छ ।

**उद्यम सम्भाव्यता र बजार अनुसन्धानः** पहिचान गरिएका वस्तु र सेवाहरु मध्ये, शुरूमा जिरीले मूल्य अभिवृद्धि गर्न र टाढा बजारमा बेच्नका लागि एक वा दुई उत्पादनहरूलाई केन्द्रित गर्नेछ । बाँकी रहेका वस्तुहरु स्थानीय र नजिकका बजारहरूका लागि लक्षित हुनेछन् । उद्यम विकासको लागि उत्पादनहरु छान्नु अघि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विस्तृत

बजार अनुसन्धान, उचित व्यवसायिक योजना र यथार्थपरक लागत-लाभ विश्लेषण गरिनेछ ।

**उपयुक्त लागत र प्रविधिहरूको पहिचान:** उपयुक्त र उचित उत्पादन लागतहरु र प्रविधिहरुको चयन, जस्तैः बाली, प्रजातिहरु, सिंचाइ, माटोको पोषण व्यवस्थापन र वाली संरक्षणका उपायहरु जस्ता कुराहरू फसल संकलन पश्चातको व्यवस्थापन र मूल्य अभिवृद्धि प्रविधिहरु निकै महत्वपूर्ण छन् र साथै यस्ता लागत र प्रविधिहरु उच्च हिमाली क्षेत्रका लागि अलि फरक छन् । नेपालको अन्य भूभाग र भारत तथा चीनको यस क्षेत्रको जस्तै भौगोलिक र सामाजिक-आर्थिक परिवेशमा प्रयोग हुने उपयुक्त लागत र प्रविधिहरुको अध्ययन र अनुसन्धान गरी जिरीको सन्दर्भमा पनि अवलम्बन वा अनुकूलन गरिनेछ ।

**वस्तुको विकास:** सम्भावित उत्पादन र सेवाहरूमा आधारित उत्पादन विकासको लागि स्थानीय र नजिकका बजारहरूलाई पहिलो प्राथमिकतामा राखिनेछ । यदि ती बजारहरूमा आपूर्ति अधिक छ र यी बजारहरूले उत्पादनहरु उपभोग गर्न सक्दैनन् भने त्यसपछि राष्ट्रियस्तरका बजारहरुमा पहुँचका लागि वैकल्पिक योजना बनाईनेछ । हालको लागि आलु र किवी राष्ट्रियस्तरका बजार लक्षित तयारी अवस्थामा छन् ।

## ३.४.२ अनुसन्धान तथा प्रदर्शन केन्द्र

जिरी जस्तो उच्च हिमाली क्षेत्रहरूमा पर्यावरणमा आधारित व्यवसायिक खेती सम्बन्धमा सिमित मात्रामा अनुसन्धान र प्रदर्शन कार्यहरु भएका छन् । जिरीमा भिरालो भूभाग र अद्वितीय सूक्ष्म-जलवायु अवस्था भएकाले नयाँ फसल, प्रजाति, उत्पादन, नयाँ विधि र प्रविधिहरुको व्यापक प्रयोग गर्नु भन्दा पहिला स्थानीय स्तरमा यी कुराहरूको परीक्षण गर्नुपर्ने आवश्यकता छ । त्यसैले जिरीको खावामा स्थापना भैसकेको स्रोत नर्सरीलाई प्रयोग गरी प्रदर्शन केन्द्रको रुपमा स्थापना गर्न सकिन्छ । यस केन्द्रलाई बालीनाली, प्रजाति र प्रविधिहरुको अनुकूल हुनेगरी अनुसन्धान कार्यका लागि बिकास गर्न सकिन्छ । यसले उत्पादनको प्रदर्शन साथै प्रचार प्रसार सेवा पनि प्रदान गर्न सक्छ, जहाँ उत्पादकहरूले भ्रमण गर्न र सिक्न सक्छन् । केन्द्रको स्थापनाका लागि प्रस्तावित गतिविधिहरु निम्न अनुसार रहेका छन् ।

**व्यावसायिक नमूनाको विकास:** निजी क्षेत्रसँग यस्ता परीक्षण केन्द्रहरू स्थापना गर्न कम प्रेरणा छ किनभने यसमा गरिएको लगानी तत्काल फिर्ता हुँदैन । अर्कोतर्फ, उत्पादक समूहहरूले पनि यस्ता केन्द्र स्थापना गर्नका लागि लागत वहन गर्न सक्दैनन् । त्यसैले परीक्षण तथा प्रदर्शन केन्द्रको स्थापनाका लागि सार्वजनिक-निजी-समुदायको संयुक्त व्यापार साझेदारी विकास गरिनेछ, जहाँ सामुदायिक समूह र स्थानीय स्तरका लगानीकर्ताहरुले साझेदारीमा एउटा योजना बनाउँछन् र प्रारम्भिक चरणमा नगरपालिकाले सञ्चालन लागतको जिम्मा लिनेछ । यस किसिमको साझेदारी संरचनाले परीक्षण केन्द्रलाई दिगो बनाउन व्यावहारिक किसिमको व्यावसायिक योजना बनाउनेछ ।

**नयाँ फाइदाजनक बालीहरूको पहिचान र परीक्षण:** उच्च बजार मूल्य र कम आयतन भएका बालीलाई जिरीमा शुरूवात गर्न र खेती बिस्तार गर्नका लागि निरन्तर रूपमा यस्ता बालीको पहिचान र परीक्षण खेती गरिनेछ । परीक्षणका लागि पहिल्यै पहिचान गरिएको बालीहरूमा सलादका लागि साग, विभिन्न प्रकारका बेरी (स्ट्रबेरी), रूख गोलभेडा, चिया सिड, किन्वा, अकबरे खुर्सानी र शीतोष्ण फलहरु पर्दछन् ।

**विभिन्न लागत र प्रविधिको प्रदर्शनी:** यस अन्तर्गत नयाँ प्रविधिहरूको अवलम्बन जस्तै : लघु सिंचाई, प्लास्टिक टनेलहरु मार्फत माइक्रो-क्लाइमेट परिमार्जन, खेती विधि, प्राङ्गारिक मल, र जैविक मल तयारी तथा प्रयोग जस्ता कुराहरू पर्दछन् । यसका लागि कृषि पात्रो र उत्पादन योजनाको विकास गरिनेछ ।

**बहुउद्धेश्यीय नर्सरीको स्थापना:** यस अन्तर्गत बालीको बीउ र बिरूवा खरिद, नर्सरी प्राविधिकको विकास, तरकारीको बिरूवाको उत्पादन र बिक्री, फलफूल नर्सरी स्थापना, नर्सरीको निरन्तर मर्मत र बिभिन्न फलफूल र वनस्पतिका माउ रूखहरूको स्तरवृद्धि गर्ने कार्यहरू समावेश हुनेछन् ।

**उत्पादन र बजारीकरण:** यस परीक्षण केन्द्रलाई अनुसन्धान र प्रदर्शन क्षेत्रको रूपमा मात्र सीमित नगरी यसलाई व्यावहारिक रूपमा व्यावसायिक किसिमको काम गर्ने संस्थाको रूपमा पनि विकास गरिने छ । परीक्षण केन्द्रको दिगो रूपमा सञ्चालनका लागि यसबाट रकम आर्जन गर्न स्रोत केन्द्रको रूपमा यसको कार्यक्षेत्र पनि विस्तार गरिनेछ । परीक्षण केन्द्रको मुख्य व्यवसाय ताजा फलफूल, तरकारी, तरकारीका विरूवाहरू र अन्य उच्च मूल्य र कम आयतनका उत्पादनहरूलाई सस्तो मूल्यमा उत्पादक समूहलाई विक्री गर्नु हुनेछ ।
**क्षमता विकास:** यस केन्द्रले विभिन्न तालिम र अवलोकन भ्रमण कार्यक्रमहरूका साथै जिरी प्राविधिक शिक्षालयबाट कृषि डिप्लोमा तह अध्ययन गर्ने प्राविधिकहरूका लागि इंटर्नशिपको व्यवस्था गर्न सक्नेछ ।

## ३.४.३ मानव स्रोत विकास

दक्ष र जानकार मानव संसाधनको अभाव नै जैविक उत्पादनको प्रमुख बाधा मध्येको एक हो । त्यसैले नगरपालिकाको स्पष्ट भूमिका, जिम्मेवारी र वार्षिक कार्यसम्पादन मूल्यांकन प्रणाली सहित एक मानव संसाधन योजना तयार गरिनेछ । नगरपालिकामा योग्य र प्रशिक्षित मानव संसाधनहरूको उपलब्धता र पहुँचका लागि निम्न तीन तरिकाहरु प्रस्ताव गरिएको छ ।

**जैविक उत्पादनमा नगरपालिकाको आन्तरिक क्षमता विकास:** यस अन्तर्गत विद्यमान कर्मचारीहरूलाई विशेष तालिमहरु र अवलोकन भ्रमणहरु गराउने र नयाँ योग्य तथा अनुभवी कृषि स्नातकहरु भर्ना गरी क्षमता विकास गरिने छ ।

**स्थानीय स्तरका उपयुक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम** (CTEVT) **लाई सहयोगः** प्रशिक्षणलाई व्यावहारिक, जैविक केन्द्रित र हिमालविशिष्ट बनाउन नगरपालिकाले त्भ्ख्ल विद्यालयहरु र मुख्यतया जिरी प्राविधिक शिक्षालयसँग समन्वय गरी काम गर्नेछ । जैविक कृषिका लागि कुनै विशेष पाठ्यक्रम छैन, त्यसैले नगरपालिकाले जैविक उत्पादन सम्बन्धी पाठ्यक्रम विकास गर्न CTEVT सँग सहकार्य गर्न सक्नेछ । प्राविधिक शिक्षामा गरीब र सीमान्तकृत युवाको पहुँच वृद्धि गर्न नगरपालिकाले शिक्षाको लागि छात्रवृत्ति सहायता प्रदान गर्नेछ र रोजगारको शिलशिलामा गरिने प्रशिक्षणका लागि स्थान उपलब्ध गराउनेछ ।

**स्थानीय स्रोत व्यक्ति** (LRP) **को विकासः** तालिमका लागि सम्भावित स्रोत व्यक्तिहरु अन्तर्गत अगुवा किसानहरू, प्राविधिक विद्यालय वा विश्वविद्यालयका स्नातकहरु, स्कूलका शिक्षकहरु र कृषि प्राविधिकहरु रहन सक्छन् । यी सम्भावित स्रोत व्यक्तिहरूलाई आवश्यक सेवाहरु जस्तैः उद्यमशीलता विकास, व्यवसायिक योजना, जैविक उत्पादन, प्रशोधन र मूल्य अभिवृद्धि, दिगो वन व्यवस्थापन र वन स्रोत सर्भेक्षणका विषयमा तालिमको व्यवस्था गरिनेछ । त्यस्तै, केही स्रोत व्यक्तिलाई आतिथ्य सत्कार र होटल व्यवस्थापन, पर्यटक अपरेटर र स्थानीय गाईडको रुपमा प्रशिक्षित गरिनेछ । नगरपालिकाले विभिन्न सेवाहरुका लागि स्थानीय स्रोत व्यक्तिहरूको एउटा सूची तयार गर्नेछ र प्रचार सामग्रीका रूपमा ब्रोशरहरु र व्यापार पर्चाहरु उत्पादन गर्नेछ, जसका आधारमा आवश्यक स्रोत व्यक्तिहरूलाई उनीहरूको सेवाहरु लिन परेमा पहुँच गर्न मद्दत मिल्नेछ ।

### ३.४.४ प्रसार सेवामा उत्पादकहरूको पहुँच विस्तार

उत्पादकहरूको बिभिन्न सेवाहरु जस्तैः लागत आपूर्ति, उत्पादन, प्रशोधन र व्यवसायिक योजनामा पहुँच बढाउन निम्न गतिविधिहरु प्रस्ताव गरिएको छः

**जैविक उत्पादनका लागि प्राविधिक सहयोग उपलब्ध गराउन स्थानीय स्रोत व्यक्तिहरूको परिचालनः** प्रशिक्षित स्थानीय स्रोत व्यक्तिहरूले फसल उत्पादन, उत्पादन पश्चातको व्यवस्थापन र प्रशोधन, व्यवसाय व्यवस्थापन, तथा वन संरक्षण लगायतका विषयमा प्राविधिक सेवा प्रदान गर्न सक्दछन् । प्रारम्भिक चरणमा नगरपालिकाले स्थानीय स्रोत व्यक्तिहरूको समय लिए वापत पारिश्रमिक प्रदान गर्न सक्छ र पछि उनीहरूको व्यावसायिकरण भएपछि उत्पादक समूहहरूले सेवा शुल्क तिर्न सक्ने छन् । नगरपालिका र कृषि ज्ञान केन्द्रको विषय विशेषज्ञहरूबाट स्थानीय स्रोत व्यक्तिहरूको ज्ञान र सीपहरूलाई लगातार नयाँ प्रविधिका आधारमा प्रशिक्षण र थप सहयोग मार्फत स्तरोन्नति गरिनेछ ।

**जैविक कृषिका लागि जिरी प्राविधिक शिक्षालय** (JTS) **लाई एउटा तालिम केन्द्रको रूपमा विकास गर्नेः** जिरी प्राविधिक शिक्षालय (JTS) सीटीइभीटीको एक गुणस्तरीय प्रशिक्षण केन्द्र हो, जसमा राम्रो भौतिक सुविधा र प्रशिक्षित कर्मचारीहरु छन् । त्यसैले नगरपालिकाले जैविक

कृषिका लागि प्रशिक्षण केन्द्रको रूपमा जेटीएस (JTS) लाई विकास गर्न एक सम्झौता-पत्रमा हस्ताक्षर गरेर उक्त शिक्षालयको क्षमतालाई थप सवल बनाइने छ ।

**माटो परीक्षण सुविधाको विकास गर्ने:** एन्साबबाट माटो परीक्षण किटको प्रारम्भिक सहयोग प्राप्त गरी जिरी नगरपालिकाले माटोको पीएच (PH), प्रमुख पोषक तत्वहरु (नाइट्रोजन, फस्फोरस, पोटास) र जैविक पदार्थ जस्ता आधारभूत माटो प्यारामिटरको विश्लेषणको लागि माटो परीक्षण सुविधा प्रदान गर्ने केन्द्र स्थापना गर्नेछ । नगरपालिकाको कृषि शाखा, वा अन्य उपलब्ध विकल्पहरु जस्तैः जिरी प्रविधिक शिक्षालय, खावा अनुसन्धान तथा प्रदर्शन केन्द्र वा कृषि सामग्री पसल मध्येका एउटा स्थानलाई माटो परीक्षण केन्द्रको रूपमा विकास गरिने छ ।

**किसानहरूको अवलोकन भ्रमण:** जैविक खेती प्रणाली, व्यवस्थित फार्म र कृषि अभ्यासहरूका बारेमा उत्पादक समूहका प्रतिनिधिहरूको भ्रमण गराई उनीहरूलाई जैविक उत्पादनहरु, जैविक- कृषि पर्यटन जस्ता सेवा, उत्पादन र बजारीकरण प्रविधिहरु सिक्ने अवसर प्रदान गर्नु आवश्यक छ । सम्भावित अध्ययन भ्रमण क्षेत्रहरूमा नेपालभित्रका कृषि फार्म तथा जैविक क्षेत्रहरु र सिक्किम जस्ता बाहिरी क्षेत्रहरु पर्दछन, जहाँ यस्ता अभ्यासहरु अपनाई संस्थागत रूपमा विकास गरिएको हुन्छ ।

## ३.५ कृषि तथा वन उद्यमको विकास र बजारीकरण

जिरीमा कृषि र वनमा आधारित उत्पादन र सेवाहरूमा परिपक्वता र विविधता रहेकोले यसबाट रोजगारी र स्थानीय समुदायमा आय आर्जन र उद्यम विकास तथा मूल्य श्रृंखलाको विकासको माध्यमबाट नगरपालिकाको समग्र आर्थिक विकासमा योगदान पुऱ्याउने सम्भावना रहेको छ । नगरपालिकामा केही सम्भावित उत्पादनहरूको साथै यहाँ केही समयदेखि चल्दै आएका र हालै स्थापना गरिएका उद्यमहरु छन् । जस्तै : हाते कागजका लागि एभरेष्ट गेट वे, खावा बहुउद्देश्य नर्सरी, तरकारीको लागि खुदुर्के जैविक कृषि समूह र आलु तथा किवी व्यापारका लागि प्रमुख फार्महरु रहेका छन् । त्यस्तै लौठ सल्लाको नर्सरी स्थापना गरी शुरूवाती रूपमा वृक्षरोपण पनि गरिएको छ । उद्यममा आधारित गतिविधिहरूमा स्थानीय स्तरका किसान र समुदायका सदस्यहरूको सीमित ज्ञान रहेको छ र उनीहरूलाई दीर्घकालिन रूपमा खेती र वनमा आधारित उद्यमहरूको विकास र सञ्चालनका लागि सहयोग प्रदान गर्नु आवश्यक छ । नगरपालिकाले यस्ता उद्यमहरूको विकास गर्न आवश्यक पर्ने सहयोगका क्रियाकलापहरू जस्तै : व्यावसायिक उत्पादन तथा बजारका लागि स्थानीय किसानहरूको संगठन निर्माण, उद्यमशीलता तथा व्यवसायिक योजनासम्बन्धी प्रशिक्षण र महत्वपूर्ण लागत, प्रविधि तथा व्यापार विकास सेवाहरूमा पहुँच पुऱ्याउने छ । उद्यम विकास र बजारीकरणको प्रगतिलाई निम्न परिणामहरु मार्फत मापन गरिने छः

जैविक खाद्यान्न बाली (जस्तैः ताजा तरकारी, आलु र किवी) का व्यावसायिक उत्पादकहरु, कृषि व्यापारीहरु र व्यावसायीहरूको संख्या बढेको हुनेछ ।

जैविक खाद्य पदार्थ र उच्च मूल्यका गैरकाष्ठ वन पैदावारहरु, जस्तैः आलु चिप्स, फलफूलको जाम (फ्रुट जाम), अर्थोडक्स चिया, जडीबुटी र हाते कागज प्रशोधन र बजारीकरण उद्यमहरूको संख्या बढेको हुनेछ ।

जैविक लागतहरु (जैविक मल, जैविक कीटनाशक पदार्थ) र उच्च मूल्य भएका फसलका लागि नर्सरी सहित प्रविधि आपूर्तिकर्ताहरू बढेको हुनेछ ।


जिरीमा वनजन्य कार्य र जैविक खेती गर्ने उन्नत विधिहरूका साथै मनोरन्जन स्थलहरूको भ्रमण र अवलोकन गर्ने गन्तव्यहरू र पर्यटक प्रवाहको संख्या बढेको हुनेछ ।

### ३.५.१ उद्यम विकास योजना तर्जुमा र व्यवस्थापन

सम्भावित उद्यमीहरूसँग उद्यम विकास योजना र व्यवस्थापनमा सीमित क्षमता छ, यद्यपि यो कुरा उद्यमको सञ्चालन र दिगोपनाका लागि महत्वपूर्ण रहेको हुन्छ । उद्यमका लागि योजना तर्जुमा गर्दाका आधारभूत चरणहरू अन्तर्गत : उद्यमका विभिन्न विकल्प र उद्यमीहरूको पहिचान, उद्यमशीलता विकास र व्यवसायिक योजना तर्जुमाका लागि क्षमता विकास, व्यवसायिक ढाँचाबारे सुझाव र कानूनी तथा वित्तीय सेवाहरूको पहुँच जस्ता कुराहरू पर्दछन् ।

**प्रशोधन र बजारीकरणका लागि नयाँ उद्यमका विकल्पहरू र उद्यमीहरूको पहिचान गर्नेः** केही उत्पादकहरूले आफ्नो उत्पादन प्रणालीलाई व्यावसायिकिकरणका लागि गर्न चासो देखाएका छन्, जस्तैः वडा नं. ८ मा अकबरे खुर्सानी नर्सरी, वडा नं. ४ र ७ मा स्ट्रबेरी खेती, वडा नं. ७ मा चिया सिड र अधिकांश वडामा किवी । त्यस्तै, उत्पादकहरूले वडा नं. ३ र ९ मा आलु प्रशोधनको र वडा नं. २ र ७ मा फलफूलको जाम उत्पादन तथा विकासमा रूचि देखाएका छन् ।

**व्यावसायिक ढाँचाको विकासका लागि सहजीकरणः** पारिस्थितिकीय प्रणालीको ख्याल राख्ने, उत्पादन प्रणाली व्यवस्थित गर्ने र उत्पादन तथा सेवाहरु एकीकृत गर्ने किसिमको खेतिपाति र वनमा आधारित उद्यमहरूका लागि योजनाबद्ध व्यावसायिक ढाँचा र बजारहरूका बारेमा चित्र ५ मा प्रस्तुत गरिएको छ ।




| | | | |
|---|---|---|---|
| PPCA: | Public-Private Community Alliance | ES: | Ecosystem Services |
| GMP: | Good Manufacturing Practices | P: | Flow of Products |
| GACP: | Good Agricultural and Collection Practices | $: | Flow of Revenue |

चित्र ५ः कृषि तथा खेतीपाती र वनमा आधारित उद्यमको लागि योजनाबद्ध व्यावसायिक ढाँचा

कृषि तथा वनमा आधारित उद्यमको व्यावसायिक ढाँचामा खेतिपाति तथा कृषि र वन व्यवस्थापकहरु, उत्पादक समूहहरु, ठूला फर्महरु र बजारका व्यापारीहरु मूल्य श्रृंखलाको मुख्य कर्ताका रूपमा रहेका हुन्छन् । मूल्य श्रृंखलाको प्रत्येक स्तरमा वित्त, प्रविधि, बजार सहित उत्पादन प्रवर्द्धन, उपभोक्ता जागरूकता र क्षमता विकास जस्ता सहयोगी सेवाहरूको आवश्यकता पर्दछ । जिरीमा स्थापना भएको पीपीसीए (PPCA) ले व्यावसायिक मोडेललाई सहजीकरण र प्रवर्द्धनका क्रममा मुख्यतया व्यवसाय अनुकूल वातावरण निर्माणमा सहयोग गर्न महत्वपूर्ण भूमिका खेल्न सक्नेछ ।

**उद्यम विकास र व्यवस्थापनमा विद्यमान र सम्भावित उद्यमीहरूको क्षमता विकास गर्ने:** विद्यमान र सम्भावित उद्यमीहरूका लागि उद्यमशीलता विकास र व्यावसायिक योजनाको प्रशिक्षण दुई चरणमा आयोजना गरिनेछः १) पहिलो चरणमा सम्भावित उद्यमीहरु बिच सामान्य सचेतना जगाउने, २) दोस्रो चरणमा छनौट भएका उद्यमीहरूका लागि नमूना व्यवसायिक योजनाहरूको साथ विस्तृत प्रशिक्षण आयोजना गर्ने । यी तालिमहरु स्थानीय स्रोत व्यक्तिहरु मार्फत विशेषज्ञहरूको निगरानीमा सहजीकरण गर्न सकिनेछ र त्यसपछिका चरणमा स्थानीय स्रोत व्यक्तिले स्वतन्त्र रूपमा यो सेवा प्रदान गर्न सक्ने छन् ।

**व्यावसायिक योजना तर्जुमा र वित्तिय स्रोतमा पहुँचः** प्रतिवद्ध उद्यमीहरूको पनि बैंक र वित्तीय संस्थाहरूबाट वित्तमा पहुँच प्राप्त गर्न सीमित क्षमता छ । उनीहरूलाई बैंकयोग्य व्यवसायिक योजनाको विकास गर्दा र आवेदन प्रक्रियाका क्रममा बैंकसँग वार्ता गर्दाका बखत सहयोग चाहिन्छ । त्यसका लागि स्थानीय स्रोत व्यक्ति परिचालित हुनेछन् ।

**कानूनी सेवा तथा दर्ताः** कम्पनी रष्टिारको कार्यालय वा साना तथा घरेलु उद्योग कार्यालयमा दर्ता हुन वा भएका कम्पनी तथा उद्योगहरूलाई दर्ता, वार्षिक लेखा परीक्षण, नवीकरण र कर चुक्ताका लागि कागजात तयारीमा सहयोग आवश्यक हुन्छ । त्यसैगरी कृषि उत्पादक समूहलाई नगरपालिकामा र समुदायमा आधारित वन उपभोक्ता समूहलाई डिभिजन वन कार्यालयहरूमा दर्ता गर्नका लागि सहकार्य र सहयोग आवश्यक हुन्छ । यस प्रकारका सेवाका लागि स्थानीय स्रोत व्यक्तिहरू परिचालित हुनेछन् ।

## ३.५.२ प्रविधिको स्तर वृद्धि

कृषि तथा वन क्षेत्रको उत्पादन र समग्र प्रतिस्पर्धात्मकता बढाउन उपयुक्त प्रविधिको अबलम्बनका साथै त्यस्ता प्रविधिको स्तरवृद्धि गर्नु आवश्यक हुन्छ । उत्पादन, कटानी पश्चात् को व्यवस्थापन, प्रशोधन र बजारीकरणका निमित्त विभिन्न तहमा प्रविधिको स्तर वृद्धि गर्नु आवश्यक छ ।

**नयाँ लागत र प्रविधिहरूको शुरूआतः** उत्पादन तहमा आवश्यक पर्ने लागत र प्रविधिहरू अन्तर्गत बढी लाभ प्राप्त हुने बाली र प्रजातिहरु, सिँचाइ, जैविक किटनाशक पदार्थ र

मल, खेती गर्ने प्रविधि र विधिहरु, सानोस्तरमा मौसम अनुकूल बनाउने प्रविधि, साना हाते ट्रयाक्टर र उचित किसिमका झिक्राहरू किवीका लागि आवश्यक पर्दछ । प्रशोधन तहमा जादा, आलु र किवीको स्तरीकरण गर्ने, तरकारीहरु धुने, आलु चिप्स बनाउने र कागज उद्योगको स्तर वृद्धि गर्ने जस्ता प्रविधिहरु आवश्यक पर्दछन् । बजारीकरणको तहमा ताजा फलफूल र तरकारीहरु ढुवानीको क्रममा उचित प्याकेजिङ्ग सामग्री र विधिहरूका साथै चिस्यान सहितको ढुवानी सेवा माध्यमबाट स्तरवृद्धि गर्न सकिनेछ ।

**जैविक मल र जैविक किट्नाशक पदार्थ उत्पादन गर्ने उद्यमहरूको स्थापना:** जैविक खेतीको व्यावसायीकरणका लागि आवश्यकताको रूपमा रहेका मुख्यतः जैविक मल र जैविक कीट्नाशक औषधीहरूको उपलब्धता नहुनु मुख्य अड्चन हो । यस अड्चनलाई पूरा गर्न नगरपालिकाले जैविक मल र जैविक कीट्नाशक पदार्थ उत्पादन गर्ने उद्यम स्थापना गर्नका लागि प्राविधिक र वित्तीय सहयोग प्रदान गर्नेछ । यी उद्यमहरु सहकारीको रूपमा वा समुदाय-निजी साझेदारीमा स्थापना गर्न सकिनेछ ।

**उच्चमूल्यका जडीबुटी नर्सरीहरूको स्तर वृद्धि गर्ने:** उत्पादन स्तर बढाउन र प्रति इकाई लागत घटाउन नगरपालिकाले हालको जडीबुटी नर्सरीलाई सहयोग पुऱ्याउने छ । वडा नम्बर ७ मा अवस्थित नर्सरीको पूर्वाधार विकासमा सहयोग गरी लौठसल्लाको बिरूवा उत्पादनमा वृद्धि हासिल गरिने छ ।

## ३.५.३ बजार र सहयोगी पूर्वाधारहरू

किसानहरु र उत्पादकहरूले उत्पादन गरेका वस्तुहरूको उचित रूपमा संकलन र बजारीकरणका लागि प्रमुख बजार र सहयोगी पूर्वाधारको आवश्यकता पर्दछ ।

**तरकारी संकलन केन्द्रको स्थापना:** प्रत्येक वडाको सडक छेउका केन्द्रहरूमा संकलन केन्द्रहरु आवश्यक हुन्छ । प्रारम्भिक चरणमा, नगरपालिकाले लिंकन बजार, हाट डाँडा, खावा, पुम्पा र मालीमा संकलन केन्द्रहरूको विकास गर्न सहयोग गर्नेछ ।

**गोदाम, चिस्यान केन्द्र र साना बजारहरू स्थापना गर्ने:** प्रारम्भिक चरणमा नगरपालिकाले खावामा गोदाम, लिंकन बजारमा चिस्यान केन्द्र, र लिंकन बजार र हाटडाँडामा साप्ताहिक हाट बजारहरु विकासका लागि मद्दत गर्नेछ ।

**पूर्वाधार सहयोगहरू:** कुनै पनि उद्यमको बृद्धिका लागि आधारभूत आवश्यकता भनेको सूचना र सञ्चार प्रविधि (आईसीटी), सडक यातायात र बिजुलीको पहुँच हो । इन्टरनेट सेवाको पहुँच र गुणस्तर बृद्धि गर्न, नगरपालिकाले टेलिकम प्रदायकसँग सहकार्य गर्नेछ, र प्रारम्भिक चरणमा उद्यमीहरूलाई इन्टरनेट डाटाको लागतमा सहयोग गर्नेछ । सडक र यातायातमा कृषि उत्पादनहरूको पहुँच बृद्धि गर्न नगरपालिकाले नयाँ सडकहरू खोल्ने र विद्यमान

सडक सुधार गर्ने क्रममा मुख्य उत्पादनको पकेट क्षेत्रहरूलाई प्राथमिकता दिनेछ । नगर पालिकाले सडक मार्गको विकासका लागि जिरी-माली-यलुङ्ग-पुम्पा, खावा-चिप्चीपे-खोल्मे, जिरी-कमेरे-उर्मिले, किर्ने-कमेरे-उर्मिले जस्ता नगदे बालीको विद्यमान उत्पादन क्षेत्रहरूलाई ध्यान दिनेछ । शुरूवाती र सानो व्यापारका लागि थ्री-फेज विद्युत र इलेक्ट्रिक ट्रान्सफार्मरको वर्तमान सीमितताहरूको बारेमा नगरपालिका सजग छ । यसका लागि पनि नगरपालिकाले उद्यमहरूको निमित्त बिजुली जडानको प्रारम्भिक लागतमा अनुदान दिनेछ ।

## ३.५.४ वस्तु र सेवाको व्यापार प्रवर्द्धन

जिरीदेखि स्थानीय र अन्य सम्भावित बजारमा बिभिन्न वस्तुहरूको बजारीकरणका लागि सम्भावित बजारको पहिचान, बजार श्रृंखलाहरूको विकास, जिरीबाट उत्पादित वस्तुको प्रवर्द्धन, उपभोक्ता सचेतना बढाउने र जिरीका उत्पादनहरूको बजार सूचना प्रणालीको स्थापना गर्ने कार्य सञ्चालन भएको हुनेछ ।

**सम्भाव्य बजार पहिचानः** जिरीमा उत्पादित वस्तुका लागि बजारलाई तीन तहमा वर्गीकृत गर्न सकिन्छः १) स्थानीय र आसपासका बजारहरु, २) काठमाडौंको बजार, र ३) अन्तर्राष्ट्रिय बजार । आलु र किवी जस्ता मुख्य उत्पादनका लागि काठमाडौं प्रमुख बजार हो भने चरिकोट र मन्थलीमा स्थानीय र नजिकैको बजार तरकारीका लागि लक्षित बजार हो । तरकारीको बढ्दो उत्पादनसँगै काठमाडौं बजार बिस्तारै लक्षित हुन सक्छ । मुख्यतया प्रमाणीकरण गरिएका प्राकृतिक उत्पादहरु जस्तैः हाते कागज, सुगन्धित तेल र लौठ सल्लाबाट उत्पादित वस्तुको लागि अन्तर्राष्ट्रिय बजार उपयुक्त हुनेछ ।

**बजार श्रृंखलाको विकासः** कृषि मूल्य श्रृंखलाका लागि मुख्य मुख्य कर्ताका रूपमा संकलकहरु, ठूला फर्महरु, थोक बिक्रेताहरु र खद्रा विक्रेता हुन् । जिरीका प्रमुख तीन प्रकारका व्यावसायिक कृषि उत्पादनहरु, जस्तैः १) ताजा तरकारी, २) आलु, र ३) किवी र अन्य फलफूलहरूका हालसम्म विकसित र सम्भावित बजारहरूलाई ध्यानमा राख्दै यी उत्पादनहरूका लागि बजार श्रृंखलाहरु विकास गर्न आवश्यक छ । यहाँ तीन प्रकारका बजार श्रृंखलाहरु बारे सुझाव प्रदान गरिएको छ, जस अन्तर्गत  विद्यमान बजार (प्रायः सबै उत्पादनहरूका लागि स्थानीय बजार), भर्खरै विकास गरिएको बजार (प्रायः स्थानीय व्यापारीहरूद्वारा काठमाडौं र छिमेकी बजारहरू), र सम्भाव्य बजार (मुख्यतया व्यावसायिक रूपमा काठमाडौंको बजार) पर्दछन् । माथि उल्लिखित तीन वटा विभिन्न उत्पादनहरूका लागि योजनाबद्ध बजार श्रृंखलाहरु अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

**उत्पादन प्रवर्द्धनः** उत्पादकहरूले आफ्ना उत्पादनहरूको ब्रान्डिङ्गमा यी उत्पादनहरु जिरीका हुन् र यसमा स्थानीय, जैविक र पौष्टिक गुणहरु अन्तर्निहित छन् भन्ने कुरा दर्शाउनको लागि उनीहरूलाई सहयोग आवश्यक पर्दछ । उनीहरूलाई त्यस्ता उत्पादनहरूको राष्ट्रिय बजारमा

पहिचान बनाउन र व्यावसायिक रूपमा व्यापार गर्नका लागि पनि सहयोग चाहिन्छ । यसका लागि जिरीबाट भएका उत्पादनहरूको प्रबर्द्धनको लागि निम्न अनुसारका विशेष सहयोग कार्यक्रमहरु सञ्चालन हुनेछन्: १) लेबल डिजाइनिङ्, प्रिन्टिङ् र प्याकेजिङ् (जुन कुरा आलु र किवीमा पहल गरिसकिएको छ र अन्य उत्पादनहरूमा विस्तार गरिनेछ), २) प्रदर्शनी र व्यापार मेलाहरूको आयोजना र सहभागितामा सहजता, ३) किसानहरूको सहभागिता सहितको क्रेता विक्रेता बैठकहरूको आयोजना, ४) घरेलु र अन्तर्राष्ट्रिय स्तरमा नयाँ बजार हरूको निरन्तर अन्वेषण, ५) जिरीबाट भएका उत्पादनको लागि घरेलू बजारको प्रबर्धन र विस्तार (जस्तैः हाते कागज र कागजका उत्पादनहरु जस्तै नोटबुक, दर्ता कागजात तथा नगरपालिकाको अन्य आधिकारिक कागजातहरूको प्रयोगका लागि हाते कागजको प्रयोगमा प्रोत्साहित गर्ने) र ६) विशेष गरी कृषि र वनमा आधारित पर्यापर्यटन तथा मनोरन्जनका लागि भ्रमण कार्यक्रमको विकास गर्ने र विभिन्न किसिमका सञ्चार माध्यममार्फत विज्ञापन गर्नका लागि भ्रमण कार्यक्रम व्यवस्थापकलाई सहयोग गर्ने ।

**स्थानीय र जैविक खाद्य पदार्थको महत्वका बारेमा सार्वजनिक जागरूकता अभियान आयोजना गर्ने:** मानव स्वास्थ्यका लागि जैविक र हिमाली उत्पादनहरूको महत्व, र रासायनिक मल तथा किट्नाशक औषधीबाट मानव स्वास्थ्य तथा पर्यावरणमा पर्ने नकारात्मक प्रभावका बारेमा सन्देश प्रवाह गर्दै स्थानीय र जैविक खाद्य पदार्थको महत्वका बारे जनचेतना आवश्यक छ । स्थानीय स्तरमा जागरूकता अभियानले जिरीका किसानहरूले नयाँ र पौष्टिक बालीहरु जस्तै किवी, सलादको लागि साग, चिया सिड र किन्वा उब्जाउन सक्दछन् । यसका लागि समुदाय परिचालनको माध्यमबाट जनचेतना अभियान सञ्चालन गरिनेछ ।

**जिरीमा उत्पादित वस्तुहरूको बजार सूचना प्रणाली स्थापना गर्ने:** उचित र पारदर्शी मूल्य निर्धारणका साथै संगठित बजारीकरणका लागि बजार सूचना प्रणाली (MIS) को विकास महत्वपूर्ण हुन्छ । यसका माध्यमबाट उत्पादनहरूको गुणस्तर, परिमाण र मूल्य सम्बन्धी जानकारी आवधिक रूपमा संकलन गर्न सकिन्छ र बुलेटिन बोर्ड र एफएम रेडियो मार्फत स्थानीय स्तरमा फैलाउन सकिन्छ । स्थानीय स्तरको बजार सूचना प्रणालीलाई कृषि उद्यम केन्द्रको मूल्य बुलेटिनका माध्यमबाट राष्ट्रिय स्तरमा पनि जोड्न सकिनेछ ।

# अध्याय ४

# अनुसुचीहरु

## अनुसूची १: पीपीसीए सम्बन्धी जिरी घोषणापत्र

**Jiri Declaration on Public Private Community Alliance (PPCA) for Sustainable Natural and Organic Products-based Enterprises and Local Economic Development**

We, assembled in Jiri, Dolakha on November 27, 2018 in a planning workshop on "Public Private Community Alliance (PPCA) for Natural Products-based Enterprises and Local Economic Development", jointly organized by the Jiri Municipality and the ANSAB Nepal;

Recognize that the new political change with devolution of power to local government bodies and high aspiration of people towards development, and the increasing threats to conservation of forest, water and other natural resources have triggered the socio-economic drive and pace of economic development.

Realize that there is a need to demonstrate a sustainable natural products-based enterprises and local economic development model that is environmentally sustainable, economically viable and socially beneficial. It would contribute to conservation of watershed, ecosystem and biodiversity for environmental sustainability; increased productivity and production of farm and forest, access to water and other ecosystem services, development of enterprises, value chain, market system for economic viability; and increased steady incomes and employment for farm and forest producers including women and marginalized through revenue diversification.

Acknowledge that the local governments as a new entity has a mandate to develop local development plans and consolidate efforts of every organization to achieve the development goal of people.

Recognize that the need of a model for the local political bodies to bring various actors and stakeholders together who could contribute to develop plans, implement the development activities and achieve the desired goal. This type of common platform of the government, private sector and local communities will be helpful to bring new knowledge and ideas, develop and execute plan in a coordinated way and create synergy of the work reducing duplication.

Agree that a Public Private Community Alliance (PPCA) will be developed in Jiri Municipality as a common platform of the government, private sector, local communities and development partners considering the farms and forests in and around Jiri area and make it operational to deliver the services, which is expected to replicate in other areas.

Expect that PPCA as a strategic approach will bring together innovations, ideas, most appropriate solutions and resources to address the development challenges through complimentary roles of the Nepali farm and forest producers, domestic and international enterprises, consumers, service providers (including quality assurance and certification organizations), and government, development partners and NGO programs assisting the agriculture and forestry sector. A preliminary agreement on the sites, products and activities was made by the participants.

Agree that the PPCA activities could contribute to the Sustainable Natural and Organic Products-based Enterprises and Local Economic Development through locally organized and controlled farm and forest enterprises (production, consolidation, value addition) ensuring sustainable use of natural resources and equitable benefit sharing; enhanced capacity of communities for conservation of forests and watershed for continued access to water and other ecosystem services; better market position for locally produced (and certified organic) farm and forest products in domestic and international markets; enabling policy environment for the

promotion of locally produced natural and organic products and free and fair trade practices; and mechanism for performance monitoring of the program activities and impact tracking.

Agree to let this document be known as "Jiri Declaration on Public Private Community Alliance (PPCA) for Sustainable Natural and Organic Products-based Enterprises and Local Economic Development", and work collectively to implement and review, as appropriate, the understanding that we have achieved in this Declaration so as to maintain its relevance to future challenges and opportunities confronting wellbeing of our community.

Mr. Parbat Gurung, *Hon. Member - House of Representatives, Federal Parliament*

Ms. Shanti Pakhrin, *Hon. Member - House of Representatives, Federal Parliament*

Mr. Pashupati Chaulagain, *Hon. Member - Provincial Assembly, Province No. 3*

Mr. Bishal Khadka, *Hon. Member - Provincial Assembly, Province No. 3*

Mr. Dabal Pandey, *DCC Chairperson, Dolakha*

Mr. Tanka Jirel, *Mayor, Jiri Municipality*

Dr. Bhishma P. Subedi, *Executive Director, ANSAB*

Ms. Melissa Chelminiak, *Aveda Corporation, USA* Melissa R. Chelminiak

Mr. David Hircock, *Aveda Corporation, USA*

Ms. Manching Lee, *Gurung Himalayan Tea, China*

Ms. Tiffany Soong, *Gurung Himalayan Tea, China*

Mr. Johannes Burmeister, *Manfred-Hermsen-Stiftung (MHS), Germany*

## अनुसूची २: रणनीतिक योजना र तिनीहरूको प्रत्येक परिणाम अन्तर्गतका क्रियाकलापहरू र समयसीमाको सूची

| क्र. स. | क्रियाकलापहरू | अका | मका | दिका |
|---|---|---|---|---|
| १ | **सुशासनको अभ्यास र प्रणाली सुधार** | | | |
| १.१ | **नीति निर्माण र सुधार** | | | |
| | औपाचारिक नीतिगत निर्णय सहित पीपीसीए जिरी घो षणापत्रको कार्यान्वयन | | | |
| | स्थानीय, जैविक र प्राकृतिक वस्तुहरूको प्रवर्द्धनका लागि नीति निर्माण | | | |
| | वन पैदावारमा आधारित उत्पादन र बजारीकरणमा रहेका नीतिगत अवरोधहरू हटाउने | | | |
| | खेतीपाती तथा कृषि र वनमा आधारित वस्तुहरूको उत्पादन, प्रशोधन र बजारीकरणका लागि मापदण्डहरू र मापदण्ड कार्यान्वयन कार्यविधिहरूको विकास | | | |
| १.२ | **संस्थागत संरचना** | | | |
| | संस्थागत संरचनाको विकास | | | |
| | पीपीसीएको नियमित रूपमा बैठक सञ्चालन | | | |
| | नीति कार्यान्वयन र पारिस्थितिकीय प्रणालीमा आधारित कृषि कार्यक्रमलाई योजना तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा एकिकृत गर्ने | | | |
| १.३ | **पारिस्थितिकीय प्रणालीमा आधारित जैविक कृषि प्रणाली** | | | |
| | जैविक प्रमाणीकरण मापदण्डहरूका बारेमा व्यापारिक प्रणालीका सरोकारवाला र किसानहरूलाई अभिमूखीकरण गर्ने | | | |
| | प्रमाणिकरणको एक भरपर्दो र विश्वसनीय प्रणालीको विकास वा प्रयोग गर्ने | | | |
| | जैविक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली (आइसीएस) को विकास गर्ने | | | |
| | स्थानीय स्रोत व्यक्ति र सम्भावित निरीक्षकहरूको लागि जैविक प्रमाणीकरणका बारेमा प्रशिक्षक प्रशिक्षण आयोजना गर्ने | | | |
| १.४ | **ज्ञानको व्यवस्थापन र प्रतिवेदन प्रणाली** | | | |
| | अनुगमन र मूल्यांकन | | | |
| | सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षण | | | |
| | सूचना संग्रह, रेकर्ड, डाटाबेस व्यवस्थापन र रिपोर्टिङ्ग | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | **कृषि तथा वन पैदावार उत्पादकहरूको क्षमता विकास** | | | |
| २.१ | **कृषकहरूलाई संगठित गर्ने** | | | |
| | नयाँ क्षेत्रहरूमा समूह बनाउने विद्यमान समूहहरूलाई सुदृढ गर्ने | | | |
| | सामुदायिक वन उपभोक्ता समूह र कबुलियती वन उपभोक्ता समूहलाई सहयोग | | | |
| | उपसमूहहरूलाई विशेष सहयोग उपलब्ध गराउने: | | | |
| | वित्तीय स्रोतमा पहुँचका लागि उत्पादक समूहलाई सहयोग: | | | |
| २.२ | **उत्पादक समूहहरूलाई तालिम** | | | |
| | उद्यमशीलता र कृषि व्यावसायसम्बन्धी योजना तर्जुमा | | | |
| | जैविक कृषिका सिद्धान्त र अभ्यासबारे उत्पादकहरूलाई अभिमूखीकरण | | | |
| | उत्पादन र उत्पादन पश्चात्को व्यवस्थापनका बारेमा तालिम सञ्चालन: | | | |
| २.३ | **वन तथा पारिस्थितिकीय सेवा व्यवस्थापन** | | | |
| | पर्यापर्यटन प्रवर्द्धन | | | |
| | जैविक विविधता संरक्षण र जलाधार व्यवस्थापन | | | |
| | कार्वन सञ्चितीकरण | | | |
| २.४ | **लगानी, प्रविधि र पूर्वाधार सम्बन्धी व्यवस्था** | | | |
| | वृक्षरोपणका लागि गुणस्तरीय सामग्री | | | |
| | माटोको खाद्य तत्व व्यवस्थापनका | | | |
| | कृषि औजारको प्रयोग | | | |
| | सिचाइ योजनाहरू | | | |
| ३ | **पोषण, स्वास्थ्य र शिक्षासँगको कृषिको अन्तरसम्बन्ध** | | | |
| ३.१ | **विद्यालयको बगैचा** | | | |
| | बगैचा स्थापनाका लागि विद्यालयहरूको पहिचान गर्ने | | | |
| | विद्यालय बगैचाको डिजाइन र बाली चक्र | | | |
| | स्थानीय भाषामा प्रशिक्षण दिग्दर्शनको विकास र अवलम्बन | | | |
| | शिक्षक र स्थानीय स्रोत व्यक्तिहरूका लागि प्रशिक्षक पशिक्षणको आयोजना | | | |
| | विद्यालय बगैचा स्थापनाको लागि सहजीकरण | | | |
| ३.२ | **करेसाबारी** | | | |


| | | | | |
|---|---|---|---|---|
| | करेसाबारी स्थापनाका लागि उत्पादक समूहहरू पहिचान गरी संगठित गर्ने | | | |
| | विभिन्न प्रकारका विकल्प सहित उपयुक्त करेसाबारी डिजाइन | | | |
| | स्थानीय भाषामा करेसाबारीको प्रशिक्षण म्यानुअलको विकास वा अवलम्बन गर्ने | | | |
| | करेसाबारी स्थापनाका लागि सहयोग | | | |
| | उत्पादक समूहहरूलाई महत्वपूर्ण लागत, प्रविधि र अन्य सहयोग प्रदान गर्ने | | | |
| ३.३ | **पोषण, खाना तयारी र खपतमा जागरूकता** | | | |
| | स्थानीय र जैविक खाद्य पदार्थको महत्वका बारेमा उत्पादक र उपभोक्ताहरूमा सचेतना गराउने | | | |
| | खाना पकाउने र खाना बनाउने विधिहरूका विषयमा प्रशिक्षण र प्रदर्शन गर्ने | | | |
| ३.४ | **खानेपानी, सरसफाइ र स्वच्छता (वास)** | | | |
| ४ | **अनुसन्धान तथा प्रचार प्रसार सेवा** | | | |
| ४.१ | **वस्तु विकास, उद्यम र बजार अनुसन्धान** | | | |
| | सम्भावित वस्तु र सेवाहरूको पहिचान | | | |
| | उद्यम सम्भाव्यता र बजार अनुसन्धान | | | |
| | उपयुक्त लागत र प्रविधिहरूको पहिचान | | | |
| | वस्तुको विकास | | | |
| ४.२ | **अनुसन्धान तथा प्रदर्शन केन्द्र** | | | |
| | व्यावसायिक नमूनाको विकास | | | |
| | नयाँ फाइदाजनक बालीहरूको पहिचान र परीक्षण | | | |
| | विभिन्न लागत र प्रविधि प्रयोगको प्रदर्शनी | | | |
| | बहुउद्धेश्यीय नर्सरीको स्थापना | | | |
| | उत्पादन र बजारीकरण | | | |
| | क्षमता विकास | | | |
| ४.३ | **मानव स्रोत विकास** | | | |
| | जैविक उत्पादनमा नगरपालिकाको आन्तरिक क्षमता विकास | | | |
| | स्थानीय स्तरका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई सहयोग | | | |
| | स्थानीय स्रोत व्यक्तिहरूको विकास | | | |

| | | | | |
|---|---|---|---|---|
| ४.४ | **प्रसार सेवामा उत्पादकहरूको पहुँच विस्तार** | | | |
| | जैविक उत्पादनका लागि प्राविधिक सहयोग उपलब्ध गराउन स्थानीय स्रोत व्यक्तिहरूको परिचालन | | | |
| | जैविक कृषिका लागि जेटीएसलाई एउटा तालिम केन्द्रको रूपमा विकास गर्ने | | | |
| | माटो परीक्षण सुविधाको विकास गर्ने | | | |
| | किसानहरूको अवलोकन भ्रमण | | | |
| ५. | **कृषि तथा वन उद्यमको विकास र बजारीकण** | | | |
| ५.१ | **उद्यम विकास योजना तर्जुमा र व्यवस्थापन** | | | |
| | नयाँ प्रशोधन र बजारीकरण उद्यमका विकल्पहरु र उद्यमीहरुको पहिचान गर्ने | | | |
| | व्यावसायिक ढाँचाको विकासका लागि सहजीकरण | | | |
| | उद्यम विकास र व्यवस्थापनमा विद्यमान र सम्भावित उद्यमीहरुको क्षमता विकास गर्ने | | | |
| | व्यावसायिक योजना तर्जुमा र वित्तिय स्रोतमा पहुँच | | | |
| | कानूनी सेवा तथा दर्ता | | | |
| ५.२ | **प्रविधिको स्तर वृद्धि** | | | |
| | नयाँ लागत र प्रविधिहरूको शुरूआत | | | |
| | जैविक मल र जैविक किटनाशक उत्पादन गर्ने उद्यमहरूको स्थापना | | | |
| | उच्चमूल्यका जडीबुटी नर्सरीहरूको स्तर वृद्धि गर्ने | | | |
| ५.३ | **बजार र सहयोगी पूर्वाधारहरू** | | | |
| | तरकारी संकलन केन्द्रको स्थापना | | | |
| | गोदाम, चिस्यान केन्द्र र साना बजारहरु स्थापना गर्ने | | | |
| | पूर्वाधार साहयोगहरू | | | |
| ५.४ | **वस्तु र सेवाको व्यापार प्रवर्द्धन** | | | |
| | सम्भाव्य बजार पहिचान | | | |
| | बजार श्रृंखलाको विकास गर्ने | | | |
| | उत्पादन प्रवर्द्धन | | | |
| | स्थानीय र जैविक खाद्य पदार्थको महत्वका बारेमा सार्वजनिक जागरूकता अभियान आयोजना गर्ने | | | |
| | जिरीमा उत्पादित वस्तुहरूको बजार सूचना प्रणाली स्थापना गर्ने | | | |


अकाः अल्पकालिन (२ वर्षभित्र गर्ने), मकाः मध्यकालिन (५ वर्षभित्र गर्ने), दिकाः दिर्घकालिन (५ वर्ष पश्चात् गर्ने)

## अनुसूची ३: जिरीका प्रमुख व्यावसायिक कृषि उत्पादनहरूका लागि बजार श्रृंखलाहरू


### ताजा तरकारी





### आलु




### कीवी र अन्य फलफूलहरू








## जिरी नगरपालिका

जिरी, दोलखा, नेपाल

**फोन:** ९७७-०४९-४१४००२

**ईमेल:** mail@jirimun.gov.np | **वेब:** www.jirimun.gov.np